annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ११०, पृष्ठ ८ | काठमाडौं, मंगलबार २ भदौ २०८३ | श्रावण शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४६ | TUESDAY, AUGUST 18, 2026 | मूल्य : रु. १०

अन्नपूर्ण डायलग

## सिंहदरबारले अधिकार दियो, हस्तक्षेप गर्न छाडेन

संविधानले दिएको अधिकार र नागरिकका असीमित अपेक्षाबीच स्थानीय सरकार जनताको घरआँगनको सरकारका रूपमा स्थापित छ । सीमित बजेट कटौती, कानुनी झन्झट झेल्दै पनि महामारीको संकटदेखि दूरदराजमा विकास पुऱ्याउनेसम्म स्थानीय सरकार नै नागरिकको पहिलो र बलियो सहारा बनेको छ ।

विस्तृत पृष्ठ २



**राजन पौडेल**
नगर प्रमुख, जितपुरसिमरा उपमहानगरपालिका, बारा

**प्रकाश भण्डारी**
नगर प्रमुख, शारदा नगरपालिका, सल्यान

**बाबुराम खड्का**
अध्यक्ष, तुम्बेवा गाउँपालिका, पाँचथर

**मीनाकुमारी लामा**
नगर प्रमुख, हेटौंडा उपमहानगरपालिका, मकवानपुर

स्थानीय तह प्रमुखहरू भन्छन्-

## नयाँ सरकार झनै संकुचित

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टीको दुईतिहाइको सरकारको स्थानीय तह र प्रदेशलाई हेर्ने दृष्टिकोण अझ संकुचित रहेको स्थानीय तहका प्रमुखहरूले दाबी गरेका छन्। संविधानले संघ, प्रदेश र स्थानीय तहलाई अधिकार बाँडफाँट गरे पनि व्यवहारमा स्थानीय तहले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न प्रशासनिकदेखि वित्तीय तहसम्म अनेक समस्या भोगिरहेको उनीहरूको भनाइ छ।

स्थानीय तहका जनप्रतिनिधिहरूले संघीय सरकारका मन्त्रीहरूले समेत आफ्नो राजनीतिक स्वार्थअनुसार प्रदेश र स्थानीय तहलाई हेर्ने गरेको गुनासो गरेका छन्। सोमबार भएको अन्नपूर्ण डायलगमा स्थानीय तहका जनप्रतिनिधिले विशेषगरी आफू आबद्ध दलको सरकार नभएका प्रदेश र स्थानीय तहमा काम गर्न कठिन भएको भन्दै मन्त्रीहरूले नै सार्वजनिक अभिव्यक्ति दिने गरेको बताए। रास्वपाबाट मन्त्री बनेकाहरूले प्रदेश र स्थानीय तहमा आफ्नो दलको सरकार नभएकाले काम गर्न कठिन भएको बताउने गरेका छन्। यसले संघीयताको मूल मर्ममाथि नै प्रश्न उठाएको स्थानीय तहका जनप्रतिनिधि बताउँछन्। गैरदलीय स्थानीय तहको मुद्दा बोलेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट मन्त्रीहरू प्रदेश र स्थानीय तहको चुनाव लागिसकेको छ। उनीहरूले पटक-पटक प्रदेश र स्थानीय तहमा आफ्नो सरकार नभएकाले काम गर्न समस्या भइरहेको बताइरहेका छन्। उनीहरूले स्थानीय तह र प्रदेश सरकारमाथि दोषारोपण गरेर आफू जिम्मेवारीबाट पन्छिने काम गरिरहेका छन्। सुनसरीदेखि मधेस प्रदेशसम्म हिंसा भड्किएपछि गृहमन्त्री सुधन गुरुङले स्थानीय तह र प्रदेश सरकारमाथि खनिएका थिए। स्थानीय तह र प्रदेशमा आफ्नो सरकार नभएको कारण काम हुन नसकेको भाष्य निर्माण गरिरहेका छन्।

स्वास्थ्यमन्त्री निशा मेहताले पनि मधेस प्रदेशमा पुगेर भनेकी थिइन्, 'स्थानीय तह र प्रदेश सबैमा हाम्रा मान्छे जिताइदिनुपर्‍यो अनि मात्रै हामी काम गर्न सक्छौं।' पाँचथरको तुम्बेवा गाउँपालिकाका अध्यक्ष बाबुराम खड्काले जनप्रतिनिधि दलको प्रतिनिधि भए पनि निर्वाचित भएपछि जनताको प्रतिनिधि बन्नुपर्ने बताए। 'हामी पनि दलको प्रतिनिधि भएर निर्वाचित भएका हौं। तर, निर्वाचन जितेपछि जनताको प्रतिनिधि हौं,' उनले भने, 'राम्रो नीति बनाएर कार्यान्वयन गर्न खोज्दा कसैले रोक्दैन।' उनले राजनीतिक दलका पुराना शैली परिवर्तन गर्नुपर्ने बताए।

'अब ३५-३५ वर्षको पुरानो गीत गाएर हुँदैन, नयाँ गीत बजाउनुपर्छ,' उनले भने, 'त्यो गीतले सत्ता पायो। अब नागरिकको आशा र अपेक्षाअनुसार काम गर्नुपर्छ।' स्थानीय तहका जनप्रतिनिधि भने संघीय सरकारका मन्त्रीहरूलाई भेट्न सिंहदरबार धाउनुपर्ने अवस्था रहेको बताउँछन्। प्रधानमन्त्रीदेखि विभागीय मन्त्रीसम्मलाई भेटेर स्थानीय तहका समस्या सुनाउनुपर्ने अवस्था संघीयताको कार्यान्वयनमा देखिएको विरोधाभास भएको उनीहरूको भनाइ छ।

» बाँकी पृष्ठ ६

अबिच्युरी

## फूलको संसार छोडेर बिदा भए दुर्गालाल



**गोपीकृष्ण ढुंगाना** | *काठमाडौं*

भुइँमान्छेका दुःख र जीवनदर्शन अँगाल्ने स्रष्टा दुर्गालाल श्रेष्ठ आइतबार राति साढे १० बजे फूलको संसार छोडेर सदाका लागि बिदा भएका छन्। नेपाली र नेपालभाषा (नेवारी) साहित्यका सर्वोच्च धरोहर 'जनकवि' श्रेष्ठको भौतिक शरीर अब हामीमाझ रहेन। उनको निधनले सम्पूर्ण नेपाली वाङ्मय, कला क्षेत्र र भाषिक आन्दोलनमा अपूरणीय क्षति पुगेको छ।

सरलताभित्र गहिरो दर्शन समेटेर गीत र कविता लेख्न खप्पिस श्रेष्ठ केवल स्रष्टामात्र होइनन्, नेपाली समाजको एउटा सजीव इतिहास, युगको आवाज र सीमान्तकृत वर्गका सच्चा सारथि थिए। भुइँमान्छेका दुःख, समाजका विसंगति र जीवनको गहिरो दर्शनलाई अत्यन्तै सरल शब्दमा उनेर उनी आम मानिसको हृदयमा बस्न सफल मानिन्छन्। उनका कालजयी सिर्जनाहरूले उनलाई सदैव अमर राख्ने नजिकबाट चिन्ने स्रष्टाहरू बताउँछन्। जनकवि श्रेष्ठका १ सय २५ जति कृति थिए भने उनका प्रकाशित कृति संख्या करिब ८५ छ, जसमध्ये बालसाहित्यका २२ वटा छन्।

» बाँकी पृष्ठ ६

## मुद्दा र पक्राउको त्रासमा बैंकिङ क्षेत्र




### कर्जा प्रवाह ठप्प हुने जोखिम

**अन्नपूर्ण** | *काठमाडौं*

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बैंकका सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतलाई धमाधम पक्राउ गरी अनुसन्धान गर्ने र मुद्दा चलाउने क्रम बढाएको छ। नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआईएमबी) र प्रभु बैंकसहितका सञ्चालकमाथि अहिले पनि मुद्दा चलिरहेको छ।

एनआईएमबीले स्मार्ट टेलिकमको कर्जा असुलीका क्रममा गरेका कामलाई लिएर सीआईबीले ठगी, संगठित अपराध र बैंकिङ कसुरसम्बन्धी अनुसन्धान अघि बढाएकोमा गम्भीर आपत्ति जनाएको छ। बैंकले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकको निर्देशन र बैंकिङ अभ्यासअनुसार नै कर्जा असुली अघि बढाएकाले यी आरोपहरू निराधार रहेको जिकिर गरेको छ।

बैंकका अनुसार स्मार्ट टेलिकमले कर्जा नतिरेपछि सुरक्षित कारोबार ऐन, २०६३ र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम दूरसञ्चारका उपकरण, टावरलगायतका सम्पत्ति लिलाम बिक्रीको प्रक्रिया अघि बढाइएको हो। त्यसअघि ३५ दिने र पछि १५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको बैंकको दाबी छ। लिलामबाट प्राप्त रकममध्ये उपकरण तथा टावर जडित घरजग्गाधनीलाई बुझाउनुपर्ने भाडा र विद्युत् महसुलबापत करिब ३८ करोड रुपैयाँ छुट्ट्याएर बैंकको 'अर्नेस्ट मनी अक्सन अकाउन्ट'मा सुरक्षित राखिएको छ।

घरजग्गाधनीलाई तिर्नुपर्ने आधिकारिक प्रमाण नआएसम्म रकम वितरण गर्न नमिल्ने भएकाले सो रकम खातामै रहेको र सीआईबीले उक्त खाता रोक्का गरेको बैंकले जनाएको छ।

आधिकारिक प्रमाण नआई रकम वितरण गर्न नसकिने स्थितिमा आफूमाथि ठगीको आरोप लगाइनु तथ्यहीन रहेको बैंकको दाबी छ। संगठित अपराधको आरोप अस्वीकार गर्दै बैंकले २०२५ जुलाई ४ को सञ्चालक समिति बैठकले धितो लिलाम गर्ने निर्णय गरेको जनाएको छ।

» बाँकी पृष्ठ ६



# ‘संघीयताको अनुभूति स्थानीय तहबाटै’

नेपालमा संविधान जारी भई तीन तहको संघीयता लागू भएसँगै नागरिकले आफ्नै घरदैलोमा सरकारको उपस्थिति अनुभूत गर्न पाएका छन्। महामारीजस्ता कठिन परिस्थितिमा नागरिकको ज्यान जोगाउनुका साथै दूरदराजका बस्तीहरूसम्म शिक्षा, स्वास्थ्य र सडक पूर्वाधार पुर्‍याएर स्थानीय सरकारले आफूलाई नागरिकको सबैभन्दा बलियो र भरपर्दो सहाराका रूपमा प्रमाणित गरिसकेका छन्। यद्यपि, कार्यान्वयनको झन्डै एक दशक पुग्नै लाग्दा स्थानीय तहले थुप्रै प्रशासनिक, कानुनी र व्यावहारिक उल्झनसँग जुध्नु परिरहेको छ। संघ र प्रदेशबाट हुने अधिकार हस्तान्तरणमा कन्जुस्याइँ, ऐन-कानुनको अस्पष्टता, कर्मचारीतन्त्रको असहयोग र अन्तिम समयमा बजेट कटौती हुने परिपाटीले स्थानीय तहको कार्यसम्पादनलाई जटिल बनाएको छ। प्रस्तुत छ ‘अन्नपूर्ण डायलग’ मा ‘संघीयताको सबलीकरणमा स्थानीय सरकार: प्रयास र परिणाम’ शीर्षक सत्रमा सहभागी विभिन्न पालिका प्रमुखहरूको भनाइ-




## कानुनी उल्झनसँग जुध्दै विकास गरेका छौं



**मीनाकुमारी लामा**
नगर प्रमुख, हेटौंडा उपमहानगरपालिका, मकवानपुर

नेपालको संविधानले तीन तहको सरकारसहित जुन संघीयताको परिकल्पना गरेको छ, त्यसको मूल उद्देश्य नागरिकलाई राज्यको सेवासुविधा सजिलै उपलब्ध गराउनु र अधिकार सम्पन्न बनाउनु हो। तर, व्यवहारमा संघीयतालाई सही ढंगले बुझ्न नसक्दा वा बुझेर पनि नबुझेझैं गर्दा कहिलेकाहीं संघीयताप्रति नकारात्मक भाष्य सिर्जना गर्ने प्रयास भइरहेको देखिन्छ। स्थानीय तह कार्यान्वयन र अभ्यासको साढे नौ वर्षको अनुभवलाई समीक्षा गर्दा स्थानीय सरकारको भूमिका बृहत् देखेको छु। महामारीका बेला नागरिक घरभित्रै थुनिन बाध्य हुँदा स्थानीय तहका जनप्रतिनिधिहरूले आफ्नो ज्यानको प्रवाह नगरी घरघरमा पुगेर राहत, हौसला र बाँच्ने वातावरण निर्माण गरे। यो अभ्यासले संकटका बेला स्थानीय सरकार नै नागरिकको सबैभन्दा नजिकको र बलियो सहारा हो भन्ने प्रमाणित गर्‍यो।

संघ र प्रदेशमा निरन्तर हुने राजनीतिक फेरबदल र राजनीतिक अस्थिरताका बाबजुद, तल्लो तहमा नागरिकका दैनिक समस्याहरूसँग जुध्दै संविधान र लोकतान्त्रिक व्यवस्थालाई जोगाएर राख्ने मुख्य आधार नै स्थानीय तह बनेको छ।

संघ र प्रदेश सरकारले आवश्यक कानुनी अस्पष्टता कायम राख्ने, अधिकार हस्तान्तरणमा कन्जुस्याइँ गर्ने र बेलाबेलामा बाझिने निर्देशिकाहरू पठाउने जस्ता चुनौतीहरू उभ्याएका छन्। यो प्रशासनिक र कानुनी उल्झनका बाबजुद ६० प्रतिशतभन्दा बढी विकास निर्माण र सामाजिक रूपान्तरणका कामहरू स्थानीय सरकारले नै सफल पारेका छन्।

संविधानको असली सुन्दरता नै तीन तहको सरकार र विशेषगरी स्थानीय तहको सुदृढ उपस्थिति हो। संघ र प्रदेशका अनेकौं कानुनी तथा प्रशासनिक अड्चन र आरोपहरूका बीच पनि स्थानीय तहले नागरिकको घरदैलोमा सरकारको अनुभूति गराउँदै यो व्यवस्थाको मेरुदण्डका रूपमा काम गरिरहेको छ।

हामीले निर्वाचन अघि नागरिकमाझ गरेका प्रतिबद्धताहरूलाई केवल कागजमा सीमित नराखी निश्चित समयभित्रै परिणाममा बदलेका छौं। पालिकाको आन्तरिक आय बढाउन र स्थानीय स्रोतको कुशल व्यवस्थापन गर्न ठूला पूर्वाधारका योजनाहरूलाई पारदर्शी ढंगले सम्पन्न गरिएको छ। उदाहरणका लागि, बजार तथा बसपार्क व्यवस्थापन, अतिक्रमित सार्वजनिक जमिनको संरक्षण र श्रमदानमार्फत विद्यालय भवन निर्माणजस्ता कामले पालिकाको आम्दानी बढाउनुका साथै सुशासनको अनुभूति गराएको छ। सीमित बजेट भए पनि सही सदुपयोग गर्न सके विकासका ठूला आयोजना सम्पन्न गर्न सकिन्छ भन्ने उदाहरण हामीले प्रस्तुत गरेका छौं।

नागरिकको आधारभूत आवश्यकता पूरा गर्नु नै हाम्रो मुख्य ध्येय हो, जसका लागि ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र विपन्न वर्गलाई घरघरमै सामाजिक सुरक्षा भत्ता तथा स्वास्थ्यसेवा पुर्‍याउने प्रबन्ध मिलाइएको छ। छाडा चौपायाको व्यवस्थापन, कृषिमा यान्त्रीकरण र पकेट क्षेत्र निर्धारण, तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा हाम्रा प्रयासहरू केन्द्रित छन्। संघीय सरकारसँग कार्यगत असन्तुष्टिहरू कायम रहे तापनि स्थानीय तहलाई आत्मनिर्भर, प्रविधिमैत्री र समृद्ध बनाउने अभियानमा हामी विचलित नभई निरन्तर खटिरहेका छौं।

हामी जनप्रतिनिधिहरूमा कस्तुरीले आफ्नै सुगन्ध नचिनेर बाहिर भौंतारिएझैं आफ्ना सम्भावना नदेखी ‘म नै सबथोक हुँ’ भन्ने घमण्ड आउँदा समस्या पैदा भएको हो। डिग्री हासिल गरेर पनि सीप नहुँदा हाम्रा युवाहरू बिदेसिन बाध्य छन्, जसले गर्दा रोजगारी सिर्जना गर्नु अहिलेको मुख्य चुनौती बनेको छ।

यसैलाई मध्यनजर गर्दै हेटौंडामा स्थानीय माटो र फलफूलमा आधारित १४ वटा साना उद्योग सुरु गरेका छौं। यसबाट ७ सय देखि ८ सय महिला तथा युवाहरूले रोजगारी पाएका छन्। स्थानीय उत्पादनको प्रशोधन र बजारीकरणमा सघाउँदा समाजमा नकारात्मकता घट्दै गएको छ।

काठमाडौं वा अन्य सहरसँग तुलना गर्नुभन्दा आफ्नै माटो र क्षमताअनुसार अघि बढ्नुपर्छ। हेटौंडामा घरेलु तथा साना उद्योग र कृषि उत्पादनलाई प्राथमिकता दिएर काम भइरहेको छ। स्थानीय उत्पादनलाई बढावा दिँदै सयौं महिला तथा युवाहरूलाई रोजगारी सिर्जना गरेर आत्मनिर्भर बनाउने प्रयास सुरु गरिएको छ।

●●●

## संघ र कर्मचारीतन्त्रको असहयोगको सास्ती छ



**राजन पौडेल**
नगर प्रमुख,
जितपुरसिमरा उपमहानगरपालिका, बारा

२०७२ को संविधान जारी भएपछि नेपाल औपचारिक र संवैधानिक रूपमा तीन तहको सरकारसहित संघीयतामा प्रवेश गर्‍यो । २०७४ को निर्वाचनमार्फत स्थानीय तहमा प्रथम पटक जनप्रतिनिधिहरू आएसँगै यसको अभ्यास सुरु भयो। तर, संघीयताको यो अभ्याससँगै राजनीतिक दल, मिडिया र कर्मचारीतन्त्र आजसम्म पनि पूर्ण रूपमा प्रादेशिक र स्थानीयकरण हुन तयार भइसकेका छैनन्। यो एक प्रमुख विद्यमान समस्या हो।

स्थानीय तह कार्यान्वयनका क्रममा अधिकारको बाँडफाँट र प्रशासनिक दायरालाई लिएर केही भ्रामक तथा अव्यावहारिक परिस्थितिहरू बनेका छन्।

हिजो काठमाडौं र जिल्ला सदरमुकाममा रहेका अधिकारहरू पालिकाको केन्द्रसम्म त पुगे, तर साबिकका गाविसहरूबाट प्रवाह हुने कतिपय आधारभूत सेवाहरूसमेत तानेर पुन: पालिकाको केन्द्रमै सीमित गरियो। यसले गर्दा नागरिकलाई सेवा लिन वडा तहमा भन्दा पालिका केन्द्र पुग्नुपर्ने बाध्यता सिर्जना भयो।

हिजो साना योजनाका लागि पनि जिल्ला धाउनुपर्ने बाध्यता अन्त्य भई नागरिकको पहुँच वडाध्यक्ष र नगर प्रमुखसम्म सहजै पुगेको छ। तर, पहुँच सहज भएसँगै ससाना प्राविधिक वा प्रक्रियागत त्रुटिहरूलाई पनि अतिरञ्जित गरी सामाजिक सञ्जाल र मिडियामार्फत ‘स्थानीय तहमा व्यापक भ्रष्टाचार भयो’ भन्ने नकारात्मक भाष्य फैलाउने काम भयो।

संघ र प्रदेशका सांसद तथा नेताहरूले ‘गाउँ-गाउँमा सिंहदरबार आयो, मेयर र वडाध्यक्षले जे पनि गर्न सक्छन्’ भन्दै पालिकाको कानुनी सीमा र सीमित स्रोतसाधनलाई वास्ता नगरी स्थानीय तहमाथि असीमित अपेक्षा र दबाब थोपर्ने काम गरे।

स्थानीय सरकारसँग साधनस्रोत अत्यन्त सीमित छ, तर नागरिकका अपेक्षाहरू असंख्य छन्। कानुनी र वित्तीय सीमाका कारण धेरै कामहरू गर्न बाँकी हुँदाहुँदै पनि, भएका सकारात्मक प्रयासहरूलाई नजरअन्दाज गरेर आलोचनामात्रै गर्ने प्रवृत्ति कायम छ। यस्ता अनेकौं विरोधाभास र चुनौतीहरूकै बिचबाट आज हामी स्थानीय सरकारको सञ्चालन र नागरिक सेवामा निरन्तर क्रियाशील छौं।

स्थानीय तहमा काम गर्दा सबैभन्दा ठूलो व्यावहारिक अड्चन प्रशासनिक संरचना र कर्मचारी व्यवस्थापनमा देखिएको छ। संघीय सरकारले खटाउने प्रमुख प्रशासकीय अधिकृतहरू स्थानीय सरकार र जनप्रतिनिधिप्रतिभन्दा पनि आफूलाई पठाउने संघीय मन्त्रालय वा मन्त्रीप्रति बढी उत्तरदायी हुन्छन्। उनीहरूमा स्थानीय तहको विकास र सेवाप्रवाहप्रतिको प्रतिबद्धता खासै देखिँदैन।

प्रशासकीय अधिकृतहरूले समयमा वडासचिव तथा प्राविधिक कर्मचारी नखटाइदिँदा पालिकाभित्रका महत्त्वपूर्ण कामहरू, विशेषगरी भूमि व्यवस्थापन र सुकुम्बासीसम्बन्धी प्रक्रियाहरू पूर्ण रूपमा ठप्प हुने गरेका छन्। अनि काम रोकिएपछि त्यसको सम्पूर्ण दोष राजनीतिक फाइदा लिनका लागि स्थानीय जनप्रतिनिधिमाथि थुपार्ने काम संघीय नेतृत्वबाटै भइरहेको छ। न्यायिक समिति, स्थानीय नीति निर्माण र विकासका काममा हामी सक्रिय भएर लागेका छौं, तर प्रशासनिक नियन्त्रण संघमै सीमित राख्ने सोचले गर्दा स्थानीय सरकारहरूले काम गर्न ठूलो मनोवैज्ञानिक र व्यावहारिक समस्या भोग्नु परेको छ।

●●●

## संविधानले दिएको अधिकारमा संघको हस्तक्षेप छ



**प्रकाश भण्डारी**
नगर प्रमुख, शारदा नगरपालिका, सल्यान

स्थानीय सरकार भनेको नागरिकको सबैभन्दा नजिकको र ढोका खोल्नेबित्तिकै भेटिने सरकार हो। स्थानीय सरकारमा रहेर काम गर्दा नागरिकको सुखदु:खमा साथ दिन पाइने, स्थानीय स्रोतसाधनको प्रवर्धन गर्न सकिने र उनीहरूको अनुहारमा मुस्कान ल्याउन सकिने भएकाले यो जिम्मेवारी मेरा लागि असाध्यै गौरवको विषय हो। हामी दत्तचित्त भएर स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार क्षेत्रभित्र रहेर सानातिना कामहरूलाई नागरिकको दिनचर्यासँग जोड्दै अगाडि बढिरहेका छौं।

यद्यपि, काम गर्ने क्रममा धेरै व्यावहारिक र कानुनी जटिलताहरू झेल्नु परेको छ। सबैभन्दा ठूलो समस्या त संविधानले स्थानीय तहलाई दिएको अधिकारमाथि संघीय सरकारबाट पटकपटक हस्तक्षेप हुनु हो। उदाहरणका लागि, राज्यले पठाउने समानीकरण अनुदानको बजेटका आधारमा हामी नगरसभाबाट नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्छौं। तर, कार्यान्वयनको अन्तिम चरण अर्थात् तेस्रो वा चौथो किस्तामा पुगेपछि संघबाट अकस्मात् बजेट कटौती गरिन्छ। यो स्थानीय सरकारको अधिकारमाथिको नांगो हस्तक्षेप हो। यस्ता विषयमा हामीले नेपाल नगरपालिका संघमार्फत पटकपटक आवाज उठायौं, तर सत्तामा पुगेपछि दलहरूले स्थानीय तहका समस्या बिर्सिने परिपाटी कायम नै छ।

दोस्रो समस्या, प्रशासनिक अस्थिरता हो। एउटा निश्चित लयमा काम भइरहेका बेला प्रमुख प्रशासकीय अधिकृतको सरुवा कहिले र कसरी हुन्छ, पत्तै हुँदैन। कम्तीमा एउटा आर्थिक वर्षको बजेट कार्यान्वयन नसकिँदासम्म प्रमुख प्रशासकीय अधिकृत परिवर्तन नगर्ने नीति बनाउन आवश्यक छ। बीचैमा कर्मचारी फेरिँदा विकास निर्माणका काम नराम्ररी प्रभावित हुने गरेका छन्, जुन देशभरका ७ सय ५३ वटै स्थानीय तहको साझा समस्या बनेको छ।

तेस्रो र सबैभन्दा दु:खद् पक्ष भनेको जनप्रतिनिधिप्रतिको सामाजिक दृष्टिकोण हो। दिनरात नभनी, आफ्नो व्यक्तिगत जीवन र परिवार छाडेर निष्ठापूर्वक काम गर्दा पनि जनप्रतिनिधिलाई ‘सबै चोर र भ्रष्टाचारी हुन्’ भन्ने एउटै डालोमा हालेर हेर्ने नकारात्मक भाष्य निर्माण गरिएको छ। जनप्रतिनिधिहरूले निरन्तर मिहिनेत गरे पनि नागरिकबाट पाउनुपर्ने प्रोत्साहन र धन्यवादको सट्टा अविश्वास झेल्नुपर्ने परिस्थिति निराशाजनक छ।

यति हुँदाहुँदै पनि नागरिकले दिएको मत र विश्वासप्रति हामी सदैव प्रतिबद्ध छौं। विद्यमान बाधा-अड्चनका बाबजुद नागरिकको सेवा र समृद्धिको यात्रामा हामी निरन्तर क्रियाशील रहिरहनेछौं।

सल्यानको सदरमुकामसमेत रहेको शारदा नगरपालिकामा १५ वटा वडा र ठूलो भौगोलिक क्षेत्र छ। तर, भूगोल र जनसंख्याको यो आकारअनुसार संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान निकै सीमित छ। बजेटको यो अभावलाई पूर्ति गर्न हामीले आन्तरिक स्रोत परिचालनमा जोड दियौं, जसका कारण पहिले वार्षिक ४५ लाख रुपैयाँमात्र उठ्ने आन्तरिक राजस्वलाई अहिले बढाएर तीन करोड पुर्‍याउन सफल भएका छौं।

तर दु:खको कुरा, स्थानीय तहका जनप्रतिनिधिहरूले अहोरात्र खटेर गरेको यस्ता मेहनत र प्रगतिको माथिल्लो तहबाट कुनै सही मूल्यांकन वा मापन नै हुँदैन। काठमाडौं महानगर वा ठूला उपमहानगरहरूसँग हाम्राजस्ता विकट र साना पालिकालाई एउटै डालोमा राखेर राज्यले बजेटको मापदण्ड र नीति तय गर्नु सरासर अन्याय हो। पालिकाभित्र पनि बजार क्षेत्रका वडा र विकट गाउँका वडाहरूको आवश्यकता फरकफरक हुन्छ। त्यसैले कर्मचारीको खटाइ र बजेटको सन्तुलित वितरणमा हामीले स्थानीय आवश्यकता बुझेर विवेक प्रयोग गर्नुपर्ने बाध्यता छ।

साबिक गाउँ विकास समितिमा एक लाख बजेट आउने ठाउँमा अहिले वडामा करोडौं बजेट पुगेको छ। विगतको तुलनामा बजेटको दायरा बढे पनि नागरिकका अपेक्षाहरू समुद्रको पानीजस्तै विशाल छन् भने राज्यको स्रोत सीमित छ। सीमित स्रोत र उच्च जनअपेक्षाका कारण नागरिकमा असन्तुष्टि बढेको हो। हर्क साम्पाङ वा वालेन्द्र शाहजस्ता स्वतन्त्र जनप्रतिनिधिहरूसँग तुलना गरेर नकारात्मक भाष्य निर्माण गर्ने काम भइरहेको छ। देश विकासको मुख्य बाधक नै भ्रष्टाचार हो। यसलाई तल्लो तहदेखि नै निर्मूल पार्न जनप्रतिनिधिहरूमा कडा इच्छाशक्ति हुनुपर्छ। स्थानीय तहमा विकासको नाममा वितरणमुखी चिजहरूमा बजेट बढाउने जुन प्रवृत्ति छ, त्यसलाई रोकेर दीर्घकालीन र आवश्यकताका आधारमा काम गर्नुपर्छ।

●●●

## सामाजिक सञ्जालको रिलभन्दा भिन्न छौं



**बाबुराम खड्का**
अध्यक्ष, तुम्बेवा गाउँपालिका, पाँचथर

संघीयता कार्यान्वयनमा आएपछि स्थानीय तहमा प्राप्त उपलब्धिलाई बिर्सेर नकारात्मक टिप्पणी मात्रै गर्ने परिपाटी बढेको छ। तर प्रश्न नकारात्मकताको मात्र होइन, हामीले संघीयताको मूल मर्म बुझ्न सक्यौं कि सकेनौं भन्ने मुख्य विषय हो। केन्द्रीय, प्रदेश र स्थानीय सरकारले आ-आफ्नो जिम्मेवारी र मर्म पहिल्याउनु नै आजको मुख्य आवश्यकता हो।

मुलुक संघीयतामा गइसकेपछि सकारात्मक फड्को मारिएका अनेक उदाहरण छन्। देशभरका ७ सय ५३ वटै स्थानीय तहबाट सकारात्मक पहलकदमीहरू भएका छन्। विगतमा एउटा मोटरसाइकल काँधमा बोकेर लगेर उद्घाटन गर्नुपर्ने दुर्गम बस्तीहरूमा आज कम्तीमा गाडी गुड्ने अवस्था बनेको छ। बिरामीले अस्पतालसम्म सहजै पुग्न पाउने वातावरण बनेको छ। यो खुसीको विषय हो।

हामीले अधिकार र बजेटको स्पष्ट सीमांकन गर्न सकेका छैनौं। २ लाख, ५ लाख वा १० लाखका साना योजनाहरू प्रदेश वा संघीय सरकारले बनाउने होइन। स्थानीय, प्रदेश र संघीय सरकारको क्षेत्राधिकार के हो भन्ने स्पष्ट टुंगो लाग्न सके अझ राम्रो नतिजा आउनेछ।

हिजो हाम्रा स्थानीय तह जुन परिस्थितिमा थिए, त्योभन्दा आज शिक्षा, स्वास्थ्य, खानेपानी र नागरिकका मौलिक हकसँग जोडिएका विषयमा क्रमिक सुधार आएको छ। नागरिकहरूले पनि यसलाई सकारात्मक रूपमा ग्रहण गरिरहेका छन्। यद्यपि, नागरिकको तीव्र विकासको चाहना अनुसार शतप्रतिशत काम हुन सकेको छैन। त्यसैले नकारात्मक भाष्य मात्र सिर्जना गर्नुको सट्टा तीनवटै तहका सरकारबीच समन्वय बढाएर स्थानीय तहलाई थप प्रभावकारी बनाउनु नै आजको आवश्यकता हो।

स्थानीय सरकार सञ्चालनका क्रममा आफ्नै सरकारी स्ट्याम्प बनाउने वा आधारभूत प्रशासनिक निर्णय लिने जस्ता साना विषयमा हामीलाई कसैको अनुमति चाहिँदैन, त्यो स्वायत्तता हामीसँग छ। तर वास्तविक समस्या बजेट व्यवस्थापन र संघीय सरकारको कार्यशैलीमा छ। संघीय सरकारबाट हामीलाई वर्षभरिका लागि ६ देखि ७ करोड रुपैयाँमात्र विकास बजेट प्राप्त हुन्छ। भौगोलिक विकटताका कारण यो रकमले गाउँपालिकाभित्रका पुराना सडकका ट्र्याक सफा गर्न र पहिरो पन्छाउन पनि पुग्दैन। त्यसमाथि बजेट विनियोजनमा संघीय सरकारको ‘दादागिरी’ चरम देखिन्छ। पालिकाले योजना अघि बढाएर काम सुरु गरिसकेपछि माथिबाट एकाएक पत्र पठाएर भुक्तानी रोक्न लगाइन्छ। अर्कोतर्फ, विगतमा राजनीतिक दल र नेताहरूले जनतालाई असम्भव सपना देखाउने र ढाँट्ने काम गरे। त्यसैको नतिजास्वरूप आज आम नागरिकमा राजनीति र जनप्रतिनिधिप्रति ठूलो निराशा र वितृष्णा छाएको छ। यसको प्रत्यक्ष मार अहिले हामी स्थानीय जनप्रतिनिधिले खेप्नु परेको छ। यो अवस्था सुधार्न अरूलाई दोष दिनुअघि पहिले हामी नेतृत्वमा हुनेहरू आफैं सुध्रिनु आवश्यक छ।

हामी कुनै सिंहदरबारको अधिकार देखाउने शासक होइनौं, जनताका दैनिक सुखदु:खमा साथ दिने सच्चा सेवक हौं। स्थानीय तहमा निर्वाचन भएर आएका दिनदेखि नै हामीले सीमित स्रोत र साधनको अधिकतम प्रयोग गर्दै समृद्ध र सन्तुलित विकासको जग बसाल्ने प्रयास गरेका छौं। विगतका केही वर्षको परिवर्तनलाई हेर्ने हो भने आज नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा स्पष्ट फरक देख्न सकिन्छ। संघीयताको मूल मर्म भनेकै दूरदराजका नागरिकलाई आफ्नै ढोकामा सरकारको उपस्थिति महसुस गराउनु हो, जसलाई हामीले इमानदार भएर कार्यान्वयन गरिरहेका छौं।

नेपालका विकट र दुर्गम पालिकामा बसेर काम गर्नुको पीडा र चुनौती सिंहदरबारका सुविधायुक्त मन्त्रालयमा बसेर बुझ्न सकिँदैन। ३० सेकेन्डको सामाजिक सञ्जाल वा रिलमा देखिने प्रचारभन्दा टाढा रहेर हामी माटो र जनताको वास्तविक समस्यासँग जुधिरहेका छौं। आज दूरदराजका बस्तीहरूमा स्वास्थ्य चौकी, खानेपानी र सडक पूर्वाधार पुर्‍याउनु हाम्रो पहिलो प्राथमिकता हो। संघीय सरकार र नीति निर्माताहरूले सहरकेन्द्रित योजनामा मात्र बजेट नखुम्च्याई देशका कुनाकाप्चामा रहेका पालिकाका वास्तविक पीडा र आवश्यकतालाई गम्भीर भएर बुझिदिनु आवश्यक छ। जनप्रतिनिधिहरूले स्थानीय तहमा धेरै राम्रा कामहरू गरिरहेका छन्। तर मिडियाले जनप्रतिनिधिहरूले गरेका राम्रा कामको प्रचारप्रसार कम गर्ने र आलोचना तथा नकारात्मक कुरालाई मात्र बढी प्राथमिकता दिने गरेको छ।

*प्रस्तुति : शेखर अधिकारी*

# बल्ल प्रधानमन्त्रीलाई रुलिङ

**दिनेश गौतम** | *काठमाडौं*

संसद् जनताका प्रतिनिधिहरूको सर्वोच्च थलो हो। जसको मुख्य काम कानुन निर्माण गर्नुका साथै सरकारलाई जनताप्रति उत्तरदायी र पारदर्शी बनाउनु हो। संसदीय व्यवस्थामा प्रधानमन्त्री र मन्त्रीहरूले आफ्ना काम-कारबाही, नीति तथा निर्णयबारे संसद्मा उपस्थित भई सांसदहरूले सोधेका प्रत्यक्ष प्रश्नहरूको जवाफ दिनुपर्ने संवैधानिक तथा नियमावलीगत दायित्व रहन्छ। यसले सरकारको स्वेच्छाचारितामाथि अंकुश लगाउँदै संसदीय सर्वोच्चताको प्रवर्धन गर्दछ।

नेपालले भारतीय सीमा मिचेको विवादित अभिव्यक्तिपछि संसद् छल्दै आएका प्रधानमन्त्री वालेन्द्र शाहलाई सभामुख डोलप्रसाद अर्यालले भदौ १० गते प्रत्यक्ष प्रश्नोत्तरका लागि समय तोकेका छन्। उनले संसद्मा उठेका जवाफ दिनसमेत रुलिङ गरेका छन्।

प्रतिनिधिसभा नियमावली २०८३ को नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था छ। सभामुख अर्यालले प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रधानमन्त्री शाहलाई रुलिङ गरेसँगै सांसदहरूसँगको प्रश्नोत्तर कार्यक्रम तय गरिएको हो।

सोमबारको प्रतिनिधिसभाको बैठक सुरु भएलगत्तै विपक्षी सांसदहरू उभिएर विरोध जनाएका थिए। कार्यसूचीमा प्रवेश गर्नुअघि नै सांसदहरू उठेकाले सभामुख अर्यालले बस्न आग्रह गरेका थिए। तर, सांसदहरूले उभिने कार्यलाई निरन्तरता दिएपछि सभामुख अर्याल रुलिङ गर्न बाध्य भएका हुन्।

'माननीय सदस्यहरूले लामो समयदेखि प्रतिनिधिसभा नियमावली २०८३ को नियम ५६ बमोजिम प्रधानमन्त्री वा प्रधानमन्त्रीको कार्यक्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्नोत्तरको माग गर्दै गरिरहनु भएको विरोधप्रति मेरो ध्यानाकर्षण भएकै छ,' सभामुख अर्यालले बैठकमा भने, 'यसै सन्दर्भमा प्रतिनिधिसभाको बैठकमा उपस्थित भई नियमावलीको नियम ५६, ५७, ५८, ५९ र ६० बमोजिम माननीय सदस्यहरूको प्रश्नको जवाफ दिन सम्माननीय प्रधानमन्त्रीलाई निर्देश गर्दछु।'

सभामुख अर्यालले प्रधानमन्त्री शाहलाई रुलिङ गरेसँगै विपक्षी सांसदहरूले टेबुल ठोकेर समर्थन जनाएका थिए। त्यसपछि सभामुखले सांसदको मागबमोजिम रुलिङ भइसकेको उल्लेख गर्दै आफ्नो आसनमा बसेर सभा सञ्चालनमा सहयोग गर्न आग्रह गरेका थिए।





- प्रधानमन्त्री वालेन्द्र शाहलाई भदौ १० गते संसद्मा प्रत्यक्ष प्रश्नोत्तरका लागि सभामुख डोलप्रसाद अर्यालले रुलिङ गरेका छन्।
- भारतीय सीमा मिचेको विवादित अभिव्यक्तिपछि प्रधानमन्त्री शाह संसद्मा नियमित प्रश्नोत्तरबाट टाढिँदै आएका थिए।
- प्रतिनिधिसभा नियमावली २०८३ को नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था छ।
- विपक्षी सांसदहरूले लामो समयदेखि प्रधानमन्त्रीलाई संसदमा उपस्थित गराएर प्रश्नको जवाफ दिन माग गर्दै आएका थिए।

गत चैत १३ गते प्रधानमन्त्रीमा नियुक्त शाहले हालसम्म विधिपूर्वक सांसदहरूसँग प्रत्यक्ष प्रश्नोत्तर गरेका छैनन्। गत जेठ १७ गते प्रधानमन्त्री शाहले आकस्मिक रूपमा सांसदहरूलाई प्रश्न गर्न आग्रह गरी केही प्रश्नको जवाफ दिएका थिए, तर उक्त प्रश्नोत्तर नियमावलीअनुसार नभएको भन्दै विपक्षी सांसदहरूले आपत्ति जनाउँदै आएका थिए। प्रधानमन्त्री शाह हालसम्म ६ वटा बैठकमा मात्र सहभागी भएका छन्।

प्रतिनिधिसभाको बैठकमा विपक्षी नेपाली कांग्रेस, नेकपा एमाले, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले प्रश्नको जवाफका लागि प्रधानमन्त्री शाहको उपस्थितिको माग गर्दै आएका थिए।

सभामुख अर्यालको रुलिङअनुसार अब प्रश्नकर्ता सदस्यको नाम बोलाइनेछ। नाम बोलाइएका सदस्यले आफ्नो स्थानमा उभिएर प्रधानमन्त्रीलाई प्रश्न गर्नेछन् भने प्रश्नको जवाफ प्रधानमन्त्रीले तत्कालै दिनुपर्नेछ।

सभामुखले भदौ ५ गते दिउँसो १ बजेसम्ममा आफ्ना प्रश्नहरू टिपाउन सांसदहरूलाई सूचित गरेका छन्। सो दिन बढीमा १५ जनाले प्रश्न सोध्न सक्नेछन्।

नियम ५६ अनुसार प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नका लागि सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्ने व्यवस्था छ। तर, उक्त दिन कुनै कारणवश बैठक बस्न नसकेमा त्यसपछि लगत्तै बस्ने बैठकको पहिलो एक घण्टाको समय निर्धारण गरिन्छ।

प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तरका लागि प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलको कम्तीमा एक जना सदस्यको एक प्रश्न हुनेछ। बाँकी प्रश्नको हकमा सभामा प्रतिनिधित्वको आधारमा हुने विभाजनबाट आउने संख्याबमोजिम बढीमा १५ वटा प्रश्न सोध्न सकिने प्रावधान रहेको छ।

प्रश्नकर्ता सदस्यले तोकिएको शुक्रबार १ बजेभित्र प्रतिनिधिसभाका सचिवसमक्ष आफ्नो प्रश्न लिखित रूपमा बुझाउनु पर्नेछ।

# भारतीयस्थल सेनाध्यक्षलाई नेपाली सेनाको दर्ज्यानी चिह्न



**राष्ट्रपति रामचन्द्र पौडेलले भारतीयस्थल सेनाध्यक्ष धीरज सेठलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका छन्। सोमबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले सेनापति सेठलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेको राष्ट्रपति कार्यालयले जनाएको छ। समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, परराष्ट्रमन्त्री शिशिर खनाल, नेपाल सरकार र नेपाली सेनाका उच्च पदस्थ अधिकारीहरू एवं नेपालका लागि भारतका राजदूतको उपस्थिति थियो। नेपाल र भारतबीच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने परम्परा छ। तीनदिने नेपाल भ्रमणका लागि सेनाध्यक्ष सेठ आइतबार नेपाल आएका थिए।** ● राष्ट्रपतिको कार्यालय

# सम्पादक श्रेष्ठ रिहा



**काठमाडौं** (अन्नपूर्ण): सर्वोच्च अदालतले जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई रिहा गर्न सोमबार परमादेश जारी गरेको छ।

न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले जनआस्थाका सम्पादकसमेत रहेका श्रेष्ठलाई रिहा गर्न परमादेश जारी गरेको हो।

सर्वोच्चले श्रेष्ठलाई थुनामै राखी मुद्दाको तहकिकात अनुसन्धान गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता नदेखिएको ठहर गर्दै हाजिरी जमानीमा छाडी वा तारिखमा राखी मुद्दाको अनुसन्धान गर्न आदेश दिएको हो।

सर्वोच्चले घर र कार्यालयबाट बरामद गरी नियन्त्रणमा लिइएका सामग्रीहरू अदालतको सहरजिस्ट्रारको रोहवरमा श्रेष्ठकी पत्नी सरस्वतीलाई फिर्ता दिनसमेत आदेश दिएको छ। गैरकानुनी रूपमा गिरफ्तार गरिएको दाबी गर्दै श्रेष्ठकी पत्नी सरस्वतीले काठमाडौं जिल्ला अदालत र जिल्ला प्रहरी परिसर काठमाडौंलाई विपक्षी बनाई बन्दीप्रत्यक्षीकरण रिट दायर गरेकी थिइन्।

श्रेष्ठलाई वैयक्तिक गोपनीयताको हक हनन् गरेको अभियोगमा प्रहरीले साउन २७ गते पक्राउ गरेको थियो। पक्राउ गरेलगत्तै श्रेष्ठको मोबाइलका साथै घर र कार्यालयबाट कम्प्युटर, ल्यापटप र आईप्याड प्रहरीले लगेको थियो।

श्रेष्ठको तर्फबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, शेरबहादुर केसी, अग्नि खरेल, सतिशकृष्ण खरेल, गोविन्दप्रसाद शर्मा बन्दी, विजयप्रसाद मिश्रलगायतले बहस गरेका थिए।

# नयाँ समीकरणतर्फ कांग्रेस

**राधा खनाल** | *काठमाडौं*

नेपाली कांग्रेसभित्र नेतृत्व, वैधानिकता र आगामी महाधिवेशनलाई लिएर चर्किएको विवाद तत्काल समाधान हुनेभन्दा पनि नयाँ शक्ति समीकरणतर्फ उन्मुख भएको संकेत देखिएको छ।

सभापति गगनकुमार थापाले असन्तुष्ट पक्षलाई महाधिवेशनमार्फत आफूलाई पराजित गरेर नेतृत्व लिन चुनौती दिएका छन् भने संस्थापन इतर समूहका संयोजक शशांक कोइरालाले थापालाई नै सभापति स्वीकार गर्न सकिने तर सबै वरिष्ठ नेताहरूलाई समेटेर अघि बढ्नुपर्ने बताएका छन्।

केन्द्रीय कार्यसमितिको बैठकमा सभापति थापाले आफ्नो अनुहारका कारण कांग्रेसले अपेक्षित मत प्राप्त गर्न नसकेको भन्ने आलोचनाको प्रत्यक्ष जवाफ दिँदै नेतृत्व परिवर्तनको लोकतान्त्रिक बाटो महाधिवेशन भएको स्पष्ट पारेका थिए।

उनले भने, 'मेरो अनुहारका कारण भोट नआएको र मेरो ठाउँमा अरू कसैको अनुहार भएको भए धेरै भोट आउँथ्यो भन्ने हो भने यही विषय अधिवेशनमा लिएर गए हुन्छ।' उनले अर्को उम्मेदवारले आफूलाई पराजित गरेर पार्टीको नेतृत्व सम्हाल्न सक्ने चुनौतीसमेत दिए।

कांग्रेसभित्र विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्व स्थापित भएपछि पनि त्यसलाई लिएर असन्तुष्ट समूहले समानान्तर गतिविधि अघि बढाउँदै आएको छ। संस्थापन इतर समूहले साउन २९ देखि ३१ गतेसम्म राष्ट्रिय भेला गरेपछि विवाद थप सतहमा आएको हो। यसअघि नै उक्त समूहका तर्फबाट आगामी महाधिवेशनसहित पार्टीका निर्णयहरू यथास्थितिमा राख्न माग गरिएको थियो।

सभापति थापाले संस्थापन इतर समूहको राष्ट्रिय भेलालाई पार्टीभित्रको असन्तुष्टि व्यक्त गर्ने लोकतान्त्रिक अभ्यासका रूपमा स्वीकार गरे पनि त्यसबाट भएका निर्णयलाई कांग्रेसको आधिकारिक नीति मान्न नसकिने स्पष्ट पारे।

उनका अनुसार कांग्रेसभित्र विभिन्न समूहले भेला आयोजना गर्न पाउने परम्परा भए पनि पार्टीको आधिकारिक धारणा महासमिति र केन्द्रीय कार्यसमिति जस्ता संस्थागत संरचनाबाट निर्माण हुन्छ। थापाले भेलामा उठेका विषयहरू सुन्न र ती विषयलाई आगामी महाधिवेशनमा छलफलका लागि ल्याउन आग्रह गर्दै भने, 'फरक-फरक दृष्टिकोण छन्, हुन्छन्। ती महाधिवेशनमा छलफल गर्न सकिन्छ।'

यसले थापा नेतृत्वले असन्तुष्ट समूहसँग संवादको ढोका पूर्णरूपमा बन्द नगरेको तर समानान्तर संरचना र निर्णयलाई संस्थागत मान्यता नदिने नीति लिएको देखाउँछ।

बैठकमा थापाले निवर्तमान सभापति शेरबहादुर देउवाको भूमिकामाथि पनि लामो टिप्पणी गरे। विशेषत: देउवा स्वदेश फर्किएपछि चुनदेवीस्थित सम्पर्क कार्यालयमा 'शेरबहादुर देउवा, सभापति' लेखिएको नेमप्लेट राखिएको घटनालाई उनले पार्टीभित्रको शक्ति संघर्षको प्रतीकका रूपमा प्रस्तुत गर्दै भने, 'वरिपरि बसेर धूप बाल्नेहरूले नै उहाँलाई पुन: विवादमा तान्ने काम गरेका छन्।'

थापाका अनुसार विगतमा देउवालाई सम्मानपूर्वक बिदाइ गर्ने वातावरण बनेको भए पनि त्यसपछि विभिन्न व्यक्तिले विभिन्न आश्वासन दिएर उनलाई पुन: सक्रिय राजनीतिक विवादमा ताने।

'सबै कुरा ठीकठाक भयो संसद् पुनर्स्थापना हुँदैछ' लगायतका आश्वासन दिएर देउवालाई बोलाइएको तर ती आश्वासन पूरा नभएको थापाको आरोप थियो।

देउवाले पार्टीभित्र आफ्नो प्रभाव पुन: स्थापित गर्न खोजेको भन्दा पनि उनको वरिपरि रहेका नेताहरूले आफ्नो राजनीतिक स्वार्थका लागि देउवालाई प्रयोग गर्न खोजेको उनको संकेत थियो। थापाले आगामी १५औं महाधिवेशनमा देउवालाई निवर्तमान सभापतिको हैसियतमा सम्मानपूर्वक आमन्त्रण गर्ने र मार्गदर्शन लिन आफूहरू तयार रहेको पनि बताए।



मेरो अनुहारका कारण भोट नआएको र मेरो ठाउँमा अरू कसैको अनुहार भएको भए धेरै भोट आउँथ्यो भन्ने हो भने यही विषय अधिवेशनमा लिएर गए हुन्छ।

**गगन थापा**, सभापति

**शशांकको प्रस्ताव– 'गगनलाई सभापति मानौं, सबैलाई समेटौं'**

तर, संस्थापन इतर समूहका संयोजक शशांक कोइरालाको पछिल्लो अभिव्यक्तिले कांग्रेसभित्र नयाँ सम्भावनाको संकेत गरेको छ। राष्ट्रिय भेलापछि पत्रकारहरूसँग कुरा गर्दै कोइरालाले गगन थापालाई सभापति मान्न आफूहरू तयार रहेको तर थापाले पार्टीका वरिष्ठ नेताहरूलाई समेटेर अघि बढ्नुपर्ने बताएका छन्। उनले थापासँग पटक-पटक भेटेर संवाद गरेको र आफूलाई मात्र आफ्नो पक्षमा ल्याउने प्रयास स्वीकार नगरेको संकेतसमेत दिए।

यसअघि पनि शशांक कोइरालाले पार्टी विभाजनको पक्षमा आफू नरहेको स्पष्ट गर्दै एकताको सम्भावना खोज्नुपर्ने धारणा राख्दै आएका छन्।

**पद बाँडेर एकता हुँदैन : प्रदीप पौडेल**

महामन्त्री प्रदीप पौडेलले भने, 'कांग्रेसको विवाद समाधानका लागि पद बाँडफाँट वा शक्ति सन्तुलन मात्र पर्याप्त नहुने बताएका छन्।' उनका अनुसार कांग्रेसभित्रको एकता विचार र राजनीतिक दृष्टिकोणमा आधारित हुनुपर्छ। 'कसलाई के चाहिएको छ भनेर पदको बाँडफाँट गरेर हुँदैन,' पौडेलको धारणा थियो।

पौडेलले विशेष महाधिवेशनबाट आएको नेतृत्व परिवर्तनलाई पनि बचाउ गर्दै गगन थापालाई पार्टी परिवर्तनको प्रक्रियाको नेतृत्व गर्ने क्षमता र साहस भएको नेता भएको दाबी गरे। उनका अनुसार कांग्रेस यथास्थितिवादी राजनीतिक शैलीबाट बाहिर निस्कनुपर्ने अवस्थामा पुगेको छ र नेतृत्व परिवर्तनसँगै संगठन, नीति र राजनीतिक कार्यशैलीमा पनि परिवर्तन आवश्यक छ। देउवा कुनै एउटा समूहको जर्सी लगाएरभन्दा पार्टीभित्रको विवाद समाधान गर्ने रेफ्री को भूमिकामा फर्कनुपर्ने उनको संकेत थियो।


## INVITATION FOR BIDS

**Procurement of Improved Metallic Cooking Stove**
**Procurement / IFB No.: DB/G/2026/01**
**Date of Publication : 08/18/2026**

DidiBahini invites sealed Bids from eligible and qualified Bidders for the supply and delivery of Improved Metallic Cooking Stoves under the Open Competitive Bidding – Single-Stage: Two-Envelope bidding procedure.

1. The procurement is for 916 complete sets to be delivered to designated locations in Siraha District, Madhesh Province, Nepal, within the period specified in the Bidding Document.
2. Only domestic-manufactured Goods are eligible for this procurement. Other eligibility and qualification requirements are specified in the Bidding Document.
3. The complete Bidding Document is available for free on the official website of DidiBahini: https://didibahini.org/notices/
4. Bids shall be submitted in hard copy only to: DidiBahini Office, Sinamangal-Kathmandu, Nepal on or before 12:00 Noon on 01 September, 2026.
5. Each Bid shall be accompanied by a Bid Security of NPR 101,000, valid for at least 30 days beyond the Bid validity period, in the form of a bank guarantee or cash deposit in Account No. 16910017503107, Account Name: DidiBahini, Nabil Bank Ltd., Sinamangal Branch.
6. Technical Bids shall be opened at 1:00 PM on 01 September 2026 at DidiBahini Office, Sinamangal-09, Kathmandu. Bidders or their authorized representatives may attend; however, their absence shall not prevent the opening.
7. A Pre-Bid Meeting will be held at 12:00 noon on 23 August 2026 at the DidiBahini Office, Sinamangal, Kathmandu.
8. Bidders may request clarification in writing within the period specified in the Bidding Document.
9. Other terms and conditions relating to the Bid shall be as specified in the Bidding Document.

**Contact: DidiBahini, Sinamangal-09 Kathmandu, Nepal**
**Tel: 01-4582653 | Email: didibahini01@gmail.com | Website: https://didibahini.org**



## ग्लोबल आइएमई बैंक लिमिटेडको
## गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

**प्रकाशित मिति : २०८३/०५/०२ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक**

यस ग्लोबल आइएमई बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

**तपसिल**

| ओखलढुङ्गा शाखा, ओखलढुङ्गा | |
|---|---|
| **सम्पतिको विवरण (जग्गाको विवरण)** | **थप विवरणका लागी** |
| **मालपोत कार्यालय ओखलढुङ्गामा दर्ता कायम रहेको:** | |
| ओखलढुङ्गा जिल्ला, बर्नालु गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५३३ र ५३४ को क्षेत्रफल क्रमश:२-९-३-१ र ११-५-३-३ रोपनी वा १३२९.४३ र ५७८४.९१ ब.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **बलिया शाखा, कैलाली** | |
| **सम्पतिको विवरण (घर/जग्गाको विवरण)** | **थप विवरणका लागी** |
| **मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको:** | |
| कैलाली जिल्ला, बलिया गा.वि.स./न.पा. वडा नं.३ स्थित कित्ता नं. ५७३ को क्षेत्रफल ०-१०-१२-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय: २०८३ भाद्र ८ गते सोमबार (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति र समय : २०८३ भाद्र ९ गते मंगलबार दिनको ३ बजे**
**बोलपत्र खोलिने स्थान: ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट: ०१-५९७०६००

सम्पादकीय

# कोपमा मुद्दा होइन, परिणाम पनि खोजौं

जलवायु परिवर्तनको संकट नेपालका लागि भविष्यको त्रास होइन, आजकै नृशंस यथार्थ हो। हिमाल पग्लिरहेका छन्, हिमताल फुट्ने जोखिम उच्च छ। बाढीपहिरो र अतिवृष्टिले जनधनको अकल्पनीय क्षति गरिरहेका छन्। विश्वव्यापी कार्बन उत्सर्जनमा नेपालको योगदान नगण्य भए पनि यसको निर्मम प्रहार भोग्ने अग्रपंक्तिमा हामी छौं। तसर्थ, आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्ताल्यामा हुने 'कोप-३१' मा नेपालको उपस्थिति केवल कर्मकाण्डी र औपचारिकमात्र हुनु हुँदैन। कोप-३१ लाई कार्यान्वयनमुखी बनाउने अन्तर्राष्ट्रिय तयारी भइरहँदा नेपालले पनि आफ्ना एजेन्डाहरूलाई मुख्यतया निम्न चार बुँदामा केन्द्रित र सशक्त बनाउनुपर्छ : १. हिमाल संरक्षण र वैज्ञानिक दाबी। २. स्पष्ट योजनासहितको जलवायु वित्त। ३. हानि-नोक्सानी र जलवायु न्याय र ४. अनुकूलन र प्रविधि हस्तान्तरण। नेपालको पहिलो र सबैभन्दा अहम् मुद्दा हिमाल संरक्षण नै हुनुपर्छ। अब हिमाल पग्लिएको कारुणिक तस्बिरमात्र देखाएर अन्तर्राष्ट्रिय समुदायको ध्यान तानिँदैन; हिमाली क्षेत्रमा भइरहेको क्षतिको वैज्ञानिक तथ्य र आर्थिक मूल्यांकन सप्रमाण पेस गर्नुपर्छ। हिमनदी, हिमताल, खानेपानी, कृषि, पर्यटन, जलविद्युत् र जैविक विविधतामा परेको असरको तथ्यांक देखाएर नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता सुनिश्चित गर्नुपर्छ।

दोस्रो प्राथमिकता जलवायु वित्त हो। 'नेपाललाई जलवायु वित्त आवश्यक छ' भन्दै आएको धेरै भइसक्यो। अब 'कति रकम चाहिन्छ ?कुन क्षेत्रमा लगानी गर्ने ?र, त्यसबाट के परिणाम हासिल हुन्छ ? ' भन्ने स्पष्ट खाका लिएर जानुपर्छ। पूर्वतयारी गरिएका परियोजना, लगानीको आवश्यकता, लाभग्राही र कार्यान्वयन संयन्त्रको स्पष्ट सूचीबिना खाली हात माग्दा हाम्रो दाबी फितलो हुन्छ। अन्तर्राष्ट्रिय तहमा पनि जलवायु वित्तलाई कार्यान्वयनसँग जोड्ने विषय अहिलेको प्रमुख प्राथमिकता हो। हानि तथा नोक्सानीको मुद्दालाई नेपालले उच्च मनोबलका साथ उठाउनुपर्छ। जलवायुजन्य विपद्‌बाट भएको क्षति केवल राहत र पुनर्निर्माणको विषयमात्र होइन, यो जलवायु न्यायसँग प्रत्यक्ष जोडिएको विषय हो। यसमा विकसित र उच्च उत्सर्जन गर्ने राष्ट्रहरूको ऐतिहासिक जिम्मेवारीबारे निर्भीक र स्पष्ट बहस हुनुपर्छ। जोखिममा रहेका स्थानीय समुदायलाई सुरक्षित बनाउन अनुकूलन, प्रविधि हस्तान्तरण र क्षमता विकासलाई पनि उत्तिकै प्राथमिकतामा राख्नुपर्छ। पूर्वसूचना प्रणाली, हिमताल अनुगमन, जलवायु अनुकूल कृषि, विपद् पूर्वतयारी र सुरक्षित पूर्वाधार निर्माणमा अन्तर्राष्ट्रिय सहयोग जुटाउनु हाम्रो अपरिहार्य आवश्यकता हो।

विगतका कोप सम्मेलनमा नेपालले उठाएका मागमध्ये कुन पूरा भए र कुन भएनन् भन्ने निर्मम समीक्षा गरेरमात्र यसपटकको रणनीति तय गरिनुपर्छ। अबको बाटो भनेको भाषण होइन, उपलब्धि हुनुपर्छ। नेपालले यसपटक 'के उठाउने ? ' मात्र होइन, 'के लिएर फर्किने ? ' भन्ने स्पष्ट लक्ष्य तय गर्नुपर्छ। हिमाल, जलवायु वित्त, हानि-नोक्सानी, अनुकूलन, प्रविधि र जलवायु न्यायका मुद्दामा मापन गर्न सकिने उपलब्धि हासिल गर्ने दृढता चाहिन्छ। अब नेपालको जलवायु कूटनीति केवल याचना गर्ने होइन, परिणाम खोस्ने कूटनीति बन्नुपर्छ। विगतका पहलमा हानि-नोक्सानी कोष त बन्यो, तर नेपालले त्यसबाट कति हिस्सा पायो ?जलवायु वित्त बढाउने प्रतिबद्धता जनाइयो, तर नेपालसम्म कति भित्रियो ?हिमालको मुद्दा विश्वमञ्चमा पुग्यो, तर हिमाल संरक्षणका लागि कति बजेट सुनिश्चित भयो ?अनुकूलन वित्त दोब्बर बनाउने घोषणा भयो, तर जोखिममा रहेका सीमान्तकृत नेपाली समुदायसम्म त्यो पुग्यो कि पुगेन ?हिजो 'नेपालले विगतका कोपमा के माग्यो र के पायो ? ' भन्ने हिसाबकिताब सार्वजनिक नगरी फेरि अर्को मागको सूची बोकेर कोपमा जानुको कुनै अर्थ छैन। तसर्थ, कोप-३१ मा नेपालले विगतका प्रतिबद्धताको लेखाजोखा गर्दै नयाँ दाबी प्रस्तुत गर्नुपर्छ।

# सत्ताको ऐनामा एक्लो अनुहार

कमजोर नागरिकमाथि राज्यको शक्ति प्रदर्शन गर्नु सुशासन होइन; कमजोरलाई पनि न्यायको अनुभूति गराउनु सुशासन हो ।



आनन्द पोखरेल

अग्रमत




प्रधानमन्त्री वालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत आफू एक्लो भएको र अब एक्लै लड्नुपर्ने आशय व्यक्त गरेपछि यतिबेला गम्भीर राजनीतिक बहस चलेको छ। ठूलो जनादेश, संसदीय शक्ति र राज्य संयन्त्रको साथमा रहेका प्रधानमन्त्री आफूलाई किन एक्लो महसुस गरिरहेका छन् ? प्रश्न सरकारलाई कमजोर बनाउन होइन, ठूलो आशा र विश्वासका साथ जनताले दिएको जनादेश सही दिशामा प्रयोग होस् भन्ने उद्देश्यले उठाउनुपर्छ। किनकि, परिवर्तनको आकांक्षा बोकेका नागरिकको आशा असफल भयो भने त्यसको असर एउटा सरकार वा व्यक्तिमा मात्र सीमित हुँदैन, त्यसले राजनीतिक विकल्पप्रतिको जनविश्वासमै धक्का पुर्‍याउन सक्छ।

तथ्यांकले देखाउँछ कि प्रधानमन्त्री राजनीतिक रूपमा एक्लो हुने अवस्थामा छैनन्। राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा १ सय ८२ सिट प्राप्त गरेको छ। समानुपातिक निर्वाचनमा ५१ लाख ८३ हजार ४ सय ९३ मत प्राप्त हुनु केवल चुनावी अंक होइन, परिवर्तनप्रतिको ठूलो जनविश्वासको अभिव्यक्ति हो। त्यसमाथि १७ सदस्यीय मन्त्रिपरिषद्, २७ सदस्यीय सचिवालय, सल्लाहकार, प्रशासनिक संयन्त्र, सुरक्षा निकाय र लाखौं मतदाताको जनादेश सरकारसँग छ। अर्थात्, प्रधानमन्त्रीसँग बहुमत र मानिसको कमी छैन, राज्यशक्तिको पनि कमी छैन। मूल प्रश्न संख्या कति छ भन्ने होइन, विश्वासको घेरा कति फराकिलो छ र उनलाई मनैदेखि कतिले विश्वास गर्छन् भन्ने हो।

नयाँ जनादेशको नेतृत्वमा असन्तुष्टि किन ? वालेन्द्र शाह नेतृत्वको सरकार पुरानो राजनीतिक संस्कृतिको विकल्प, सुशासन र परिवर्तनको आशासहित स्थापित भएको हो। त्यसैले यसप्रतिको जनअपेक्षा पनि असाधारण छ। तर, जनादेश प्राप्त हुँदैमा सरकार आलोचनामुक्त हुँदैन। बरु ठूलो जनादेशले सरकारलाई अझ बढी जवाफदेही बनाउँछ। महँगी, बेरोजगारी, बढ्दो जीवनयापन खर्च र कमजोर सार्वजनिक सेवाले आम नागरिकलाई प्रत्यक्ष प्रभावित गरिरहेका छन्। सुधारका घोषणा गरेरमात्र पुग्दैन, जनता नतिजा खोज्छन्।

सबैभन्दा बढी जोखिममा रहेका गरिब, विपन्न, श्रमिक, भूमिहीन, सुकुम्बासी, अनौपचारिक क्षेत्रमा काम गर्ने नागरिक र राज्यको पहुँचबाट टाढा रहेका समुदायले सरकारको परिवर्तनलाई आफ्नो जीवनमा अनुभूति गर्न पाउनुपर्छ। विकासको नाममा उनीहरू विस्थापित हुने, रोजगारीको नाममा अवसरबाट बाहिरिने र सुशासनको नाममा राज्यसँग थप भय पैदा हुने अवस्था आयो भने परिवर्तनको राजनीतिक अर्थ नै कमजोर हुन्छ। सुकुम्बासी तथा अनौपचारिक बस्ती व्यवस्थापनमा राज्यले कानुन कार्यान्वयन गर्न सक्छ। तर, कानुनको कार्यान्वयन मानवीय संवेदना, उचित प्रक्रिया, वैकल्पिक व्यवस्था र पुनर्स्थापनाको सुनिश्चिततासहित हुनुपर्छ।

कमजोर नागरिकमाथि राज्यको शक्ति प्रदर्शन गर्नु सुशासन होइन; कमजोरलाई पनि न्यायको अनुभूति गराउनु सुशासन हो। प्रतिपक्ष विरोधी होइन, लोकतन्त्रको आवाज हो सरकारको अर्को गम्भीर परीक्षा प्रतिपक्षप्रतिको व्यवहार हो। लोकतन्त्रमा प्रतिपक्ष सरकारको शत्रु होइन। उसले सरकारलाई प्रश्न गर्छ, आलोचना गर्छ, विकल्प प्रस्तुत गर्छ र जनताको असन्तुष्टिको आवाज संसद् तथा सार्वजनिक बहसमा पुर्‍याउँछ। सरकारलाई मन नपर्ने प्रश्न उठेकै कारण त्यसलाई दमन, प्रतिशोध वा राज्यशक्तिको प्रयोगबाट दबाउने प्रवृत्ति लोकतन्त्रका लागि खतरनाक हुन्छ। कानुन उल्लंघन गर्ने जोसुकै व्यक्ति कारबाहीको दायरामा आउनुपर्छ। तर, कारबाही राजनीतिक विचार, आलोचना वा विरोधका आधारमा हुने हो भने त्यसले राज्यको निष्पक्षतामाथि प्रश्न उठाउँछ।

सरकार बलियो हुनु र विरोधीलाई दबाउनु एउटै कुरा होइन। बलियो सरकारले आलोचना सहन सक्छ, कमजोर सरकार आलोचनादेखि डराउँछ। त्यसैले प्रतिपक्ष, सञ्चारमाध्यम, नागरिक समाज र असहमत नागरिकका आवाजलाई दबाउने होइन, सुन्ने राजनीतिक संस्कार निर्माण गर्नु आजको आवश्यकता हो। राष्ट्रियता नारामा होइन, व्यवहारमा देखिन्छ नयाँ राजनीतिक शक्तिका लागि राष्ट्रियताको प्रश्न अझ संवेदनशील छ। राष्ट्रियता केवल सीमा, झण्डा र राष्ट्रगानको विषय मात्र होइन। यो नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, स्वतन्त्र निर्णय क्षमता, सीमा सुरक्षा, आर्थिक स्वाधीनता र राष्ट्रिय स्वाभिमानसँग जोडिएको विषय हो। यो संसद्‌मा 'नेपालले भारतको भूमि मिचेको छ' भनेजस्तो हल्का विषय होइन।

नेपालले भारत, चीनलगायत सबै छिमेकी तथा विश्व समुदायसँग सन्तुलित र राष्ट्रिय हितमा आधारित सम्बन्ध राख्नुपर्छ। कुनै बाह्य शक्ति वा भू-राजनीतिक दबाबले नेपालको निर्णय क्षमतालाई प्रभावित गर्न दिनु हुँदैन। विदेश नीति लोकप्रिय नाराले होइन, दीर्घकालीन राष्ट्रिय हित, कूटनीतिक परिपक्वता र रणनीतिक धैर्यले निर्देशित हुनुपर्छ। राष्ट्रियता बलियो बनाउने हो भने देशभित्रै आर्थिक असमानता घटाउनुपर्छ, उत्पादन बढाउनुपर्छ, युवालाई रोजगारी दिनुपर्छ र नागरिकलाई आफ्नै देशमा भविष्य देख्ने वातावरण बनाउनुपर्छ। भोकै नागरिकलाई राष्ट्रियताको भाषणभन्दा अवसर, सम्मान र सुरक्षा बढी आवश्यक हुन्छ।

भिड र विश्वास एउटै कुरा होइन सत्ताको वरिपरि मानिस हुनु र जनताको विश्वास हुनु एउटै कुरा होइन। पद, पहुँच र अवसरका कारण सत्ताको वरिपरि भिड जम्मा हुन सक्छ। तर, संकटमा साथ दिने राजनीतिक विश्वास आदेशबाट निर्माण हुँदैन। विश्वास– संवाद, व्यवहार, पारदर्शिता र सामूहिक निर्णयबाट निर्माण हुन्छ। झन्डै दुई तिहाइ सांसद केवल मतदान गर्ने संख्या होइनन्, उनीहरू जनताका प्रतिनिधि हुन्। मन्त्रिपरिषद् प्रधानमन्त्रीको व्यक्तिगत सहयोगी समूह होइन, यो सामूहिक उत्तरदायित्व बोकेको संवैधानिक संस्था हो। सचिवालयको आकार पनि नेतृत्वको शक्ति मापन गर्ने आधार होइन।

> प्रधानमन्त्रीले अहिले शक्ति खोज्ने होइन, विश्वास जित्ने यात्रा सुरु गर्नुपर्छ। यही नै जनादेशको सम्मान, लोकतन्त्रको रक्षा र राष्ट्रको हितको सही बाटो हो। अनिमात्र उनी राजनीतिक रूपमा एक्लो हुने छैनन्।

प्रधानमन्त्रीको वरिपरि असहमति सुन्ने मानिस कति छन् ? सधैं सहमत हुनेहरूको भिडले नेतृत्वलाई क्षणिक रूपमा सहज बनाउन सक्छ। तर, असहज प्रश्न सोध्ने, गल्ती देखाउने र फरक दृष्टिकोण प्रस्तुत गर्ने मानिसहरू नै दीर्घकालमा नेतृत्वका वास्तविक सहयोगी हुन्छन्। लोकतन्त्रमा प्रधानमन्त्रीले सबैलाई आफ्नो समर्थक बनाउनु पर्दैन। प्रतिपक्षले प्रतिपक्षकै भूमिका निर्वाह गर्छ, पत्रकारले प्रश्न गर्छ, नागरिक समाजले निगरानी गर्छ, कर्मचारीतन्त्रले विधि र प्रक्रिया सम्झाउँछ र सुरक्षा निकायले संस्थागत मर्यादा कायम गर्छ। यही नै लोकतन्त्र हो। तर, सरकार र यी संस्थाबीच संवाद कमजोर भयो भने नेतृत्व आफैं आफ्नै घेराभित्र सीमित हुन सक्छ।

प्रतिपक्षलाई शत्रु, पत्रकारलाई विरोधी, नागरिक समाजलाई बाधक र कर्मचारीतन्त्रलाई आदेश पालना गर्ने संयन्त्र मात्र ठान्ने शासनशैलीले प्रधानमन्त्रीलाई मानिसको भिडबीच पनि राजनीतिक रूपमा एक्लो बनाउन सक्छ। त्यसैले 'म एक्लो छु' भन्ने अभिव्यक्तिको उत्तर बाहिर खोज्नुअघि शासनशैलीभित्रै खोजिनुपर्छ :- के निर्णयहरू अत्यधिक व्यक्तिकेन्द्रित हुँदै गएका छन् ? के फरक मतका लागि पर्याप्त ठाउँ छ ? के प्रतिपक्षसँग नियमित संवाद भइरहेको छ ? के आलोचनात्मक पत्रकारितालाई लोकतन्त्रको स्वाभाविक अभ्यासका रूपमा स्वीकार गरिएको छ ? के कर्मचारीतन्त्रले व्यावसायिक रूपमा काम गर्ने वातावरण पाएको छ ? के नागरिक समाज, बुद्धिजीवी र पेसागत समुदायसँग सरकारको पर्याप्त संवाद छ ? यी प्रश्न उठाउनु सरकारविरोधी राजनीति होइन, यो लोकतन्त्रको स्वास्थ्य परीक्षण हो।

पदभन्दा ठूलो जनविश्वास नेपालको लोकतान्त्रिक इतिहासमा बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, मनमोहन अधिकारी र मदन भण्डारीजस्ता नेताहरूले अत्यन्त कठिन राजनीतिक परिस्थिति सामना गरे। उनीहरूसँग आजको जस्तो विशाल प्रशासनिक संयन्त्र, डिजिटल सञ्चार शक्ति वा संसदीय बहुमत थिएन। तर, उनीहरूको वास्तविक शक्ति पदमा मात्र थिएन। विचार, संगठन, जनसम्बन्ध र सामाजिक विश्वास उनीहरूको आधार थियो। त्यसैले कठिन अवस्थामा पनि उनीहरू जनताबाट पूर्णतः एक्लिएका थिएनन्। वालेन्द्र शाहसँग महत्त्वपूर्ण अवसर छ- पुरानो राजनीतिक संस्कृतिप्रतिको असन्तुष्टिलाई नयाँ राजनीतिक संस्कृतिमा बदल्ने। राज्यलाई पारदर्शी, चुस्त र जवाफदेही बनाउने। युवाको आक्रोशलाई उत्पादन र सिर्जनशीलतामा बदल्ने। गरिब र विपन्न नागरिकलाई विकासको केन्द्रमा राख्ने र राष्ट्रिय स्वाभिमान तथा राष्ट्रिय हितलाई शासनको आधार बनाउने। तर, यो अवसर गुम्यो भने नयाँ विकल्पप्रतिको विश्वास पनि पुरानै निराशामा परिणत हुन सक्छ।

गरिब-विपन्नका पीडा सुन्ने, युवाको भविष्यबारे संवाद गर्ने र राष्ट्रिय हितमा साझा धारणा निर्माण गर्ने नेतृत्व नै दीर्घकालीन रूपमा बलियो हुन्छ। सत्ता आदेशले चल्न सक्छ, तर लोकतन्त्र विश्वास र संवादले मात्र टिक्छ। संसद्‌सँगको संवाद, प्रतिपक्षसँग सहकार्य, सञ्चारमाध्यमसँग खुलापन, नागरिक समाजसँग बहस, कर्मचारीतन्त्रसँग संस्थागत विश्वास र सुरक्षा निकायसँग संवैधानिक समन्वय– यी नै लोकतान्त्रिक सरकारका वास्तविक शक्ति हुन्। ठूलो जनादेश नेतृत्वलाई व्यक्तिगत शक्ति प्रदर्शन गर्न होइन, सामूहिक परिवर्तन गर्न प्राप्त भएको हो। प्रधानमन्त्री बलियो हुनु भनेको सबै निर्णय आफैं गर्नु होइन। बलियो नेतृत्वले फरक मत सुन्छ, आलोचना सहन्छ, असहमतिलाई ठाउँ दिन्छ र आफूभन्दा बाहिरको क्षमतालाई पनि राष्ट्र निर्माणमा जोड्छ।

गरिबको आँसु देख्न नसक्ने विकास, युवालाई देशमै रोक्न नसक्ने अर्थनीति, प्रतिपक्षको आवाज सुन्न नसक्ने लोकतन्त्र र राष्ट्रिय हितमा स्पष्ट अडान लिन नसक्ने विदेश नीति– यीमध्ये कुनै पनि कुरा नयाँ राजनीतिक परिवर्तनको पर्याप्त उपलब्धि बन्न सक्दैनन्। सत्ता जनताको हो, सरकार त्यसको अस्थायी जिम्मेवार प्रतिनिधिमात्र हो। त्यसैले आजको मूल प्रश्न प्रधानमन्त्री साँच्चै एक्ला छन् कि उनले आफू वरिपरि बनाएको राजनीतिक घेरा नै साँघुरो र पूर्वाग्रही छ भन्ने हो। यसको उत्तर अरूले होइन, स्वयं प्रधानमन्त्री र उनको शासनशैलीले दिनुपर्नेछ। शक्ति होइन, विश्वास विस्तार गर्ने बेला प्रधानमन्त्रीसँग शक्ति छ। संसद्‌मा बहुमत छ। पार्टीको साथ छ। राज्य संयन्त्र छ। ठूलो जनादेश छ। तर ती सबै शक्ति तबमात्र सार्थक हुन्छन्, जब तिनलाई विश्वास, विधि, संवाद र राष्ट्रिय हितसँग जोड्न सकिन्छ।

अब थप शक्ति केन्द्रीकरण गर्ने होइन, थप विश्वास निर्माण गर्ने बेला हो। प्रतिपक्षलाई दबाउने होइन, लोकतान्त्रिक प्रतिस्पर्धामा सम्मान गर्ने बेला हो। आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रूपमा लिने बेला हो। गरिब र विपन्नलाई विकासको किनारामा होइन, केन्द्रमा राख्ने बेला हो। युवालाई बिदेसिन बाध्य पार्ने अर्थतन्त्र होइन, आफ्नै देशमा भविष्य देखाउने अर्थतन्त्र निर्माण गर्ने बेला हो। राष्ट्रियतालाई नारामा होइन, राष्ट्रिय स्वाभिमान, सार्वभौमिकता, अखण्डता र आत्मनिर्भर व्यवहारमा उतार्ने बेला हो। त्यसो नगरे यी शक्ति देखावटीमात्र हुन्छन्। भिडले मात्र युद्ध जित्दैन; उत्प्रेरणा र सर्वपक्षीय विश्वासले युद्ध जितिन्छ।

निष्कर्ष : प्रधानमन्त्रीको वरिपरि भिड बाक्लो भएर मात्र सरकार बलियो हुँदैन। जनताको विश्वास फराकिलो भएर, संस्थाहरू बलिया भएर र असहमत आवाजहरू सुरक्षित भएरमात्र लोकतन्त्र बलियो हुन्छ। त्यसैले अब शासनको भाषा 'म'बाट 'हामी'तर्फ बदलिनुपर्छ। किनकि, लोकतन्त्रमा सबै शक्ति हातमा हुनु र सबैको विश्वास साथमा हुनु एउटै कुरा होइन। प्रधानमन्त्रीले अहिले शक्ति खोज्ने होइन, विश्वास जित्ने यात्रा सुरु गर्नुपर्छ। यही नै जनादेशको सम्मान, लोकतन्त्रको रक्षा र राष्ट्रको हितको सही बाटो हो। अनिमात्र उनी राजनीतिकरूपमा एक्लो हुने छैनन्।

# मृत्यु एक्लो, हार देशको



सुनिलजित श्रेष्ठ

केही हप्ताअघि मुगुका गणेश नेपालीले काठमाडौंको सडकमा आत्मदाह गरे। यो घटनाले एउटा व्यक्तिको जीवनमात्र अन्त्य गरेन, आत्महत्यालाई हेर्ने हाम्रो सामाजिक दृष्टिकोणलाई पनि सतहमा ल्याइदियो। जुन घटनाले आत्महत्यालाई बुझ्ने सबालमा नेपाली समाजलाई दुई धारमा विभाजित गरेको देखियो। समाजमा एउटा वर्गले करुणा र सान्त्वना प्रकट गर्दै राज्यमाथि औंला उठायो भने अर्को वर्गले 'नियम नमान्नेहरू मर्छन्, त्यसै देश सिंगापुर बन्दैन' भन्दै आक्रोश पोख्यो।

कसैले 'मानसिक रोगीहरू मर्छन्, त्यसको जिम्मा सरकारले लिने ?' भन्ने तर्क दिए। सामाजिक सञ्जालमा मृत्युमाथि व्यंग्यसमेत गरियो। यस्ता प्रतिक्रियाहरूले हाम्रो समाज करुणाभन्दा पूर्वाग्रह र आरोप-प्रत्यारोपतर्फ उन्मुख भइरहेको संकेत दियो। सरकार आत्महत्याको कारणबाट पन्छिन् खोज्यो भने सत्तापक्षका केही नेताले त्यसलाई मानसिक स्वास्थ्यमा मात्र सीमित गरे। उनको आत्मदाह घटनाले समाजमा गम्भीर प्रश्न उठायो– आत्महत्या वास्तवमै व्यक्तिको एकल निर्णयमात्र हो, कि त्यस निर्णयको पृष्ठभूमि समाज, अर्थतन्त्र र राज्यले निर्माण गरिरहेको हुन्छ ?यस प्रश्नको जवाफ पाउन आत्महत्यालाई समाजशास्त्रीय दृष्टिबाट हेर्नुपर्ने हुन्छ।

**आत्महत्या, समाजशास्त्रीय दृष्टिकोण र पुँजीवादी यथार्थ** : आत्महत्या निश्चय नै व्यक्तिको अन्तिम निर्णय हो। तर, त्यो निर्णय त्यत्तिकै शून्यतामा जन्मँदैन। त्यसअघि उसले बाँचेको सामाजिक जीवन, आर्थिक अवस्था, पारिवारिक सम्बन्ध, रोजगारी, ऋण, अपमान, हिंसा, असुरक्षा र भविष्यप्रतिको आशाले लामो समयदेखि त्यस निर्णयलाई आकार दिइरहेका हुन्छन्। त्यसैले आत्महत्यालाई केवल व्यक्तिगत कमजोरी वा मानसिक रोगको परिणामका रूपमा बुझ्नु पर्याप्त हुँदैन। बरु यसको सामाजिक पृष्ठभूमिलाई पनि उत्तिकै गम्भीरतापूर्वक बुझ्न जरुरी छ।

प्रख्यात फ्रान्सेली समाजशास्त्री इमाइल दुर्खिमले आफ्नो 'आत्महत्याको समाजशास्त्रीय सिद्धान्त'मार्फत आत्महत्यालाई 'सामाजिक तथ्य'को रूपमा प्रस्तुत गरे। उनले आत्महत्यालाई सामाजिक तथ्यका रूपमा व्याख्या गर्दै सामाजिक एकता र सामाजिक नियमन कमजोर हुँदा आत्महत्याको जोखिम बढ्ने तर्क गरेका थिए। अर्का समाजशास्त्री तथा दार्शनिक कार्ल मार्क्सको 'अलगाव'को अवधारणाले पनि आत्महत्यालाई बुझ्न महत्त्वपूर्ण आधार दिन्छ। पुँजीवादी उत्पादन प्रणालीमाश्रमिक आफ्नोश्रम, उत्पादन, समाज र अन्ततः आफ्नै अस्तित्वबाट अलगिँदै जान्छ। वर्गीय असमानता, बेरोजगारी, ऋण, गरिबी, श्रमको असुरक्षा र आर्थिक शोषणले मानिसमा निराशा र अर्थहीनताको भावना गहिर्‍याउन सक्छ।

विश्वमा आर्थिक वृद्धिका सूचकहरू बढिरहेका छन्, तर त्यससँगै असमानता, असुरक्षा र सामाजिक तनाव पनि बढिरहेको छ। रोजगारी अस्थिर बन्दै गएको छ। शिक्षा र स्वास्थ्य महँगिँदै गएको छ। घर किन्न वा उपचार गर्न लिएको ऋणले धेरै परिवारलाई वर्षौंसम्म आर्थिक दबाबमा राखेको छ। जागिर गुम्ने डर, बढ्दो प्रतिस्पर्धा, सामाजिक प्रतिष्ठाको दबाब र भविष्यप्रतिको अनिश्चितताले मानिसको मानसिक स्वास्थ्यमा गहिरो असर पारिरहेको छ। अनुसन्धान संस्था ग्यालपको 'स्टेट अफ द ग्लोबल वर्कप्लेस रिपोर्ट'ले विश्वभरकाश्रमिकहरूमा आफ्नो कामप्रति अलगाव, चिन्ता र मानसिक दबाब उच्च रहेको देखाएको छ। विश्व स्वास्थ्य संगठनले पनि गरिबी, बेरोजगारी,

> आत्महत्या निश्चय नै व्यक्तिको अन्तिम निर्णय हो। तर, त्यो निर्णय त्यत्तिकै शून्यतामा जन्मँदैन। त्यसअघि उसले बाँचेको सामाजिक जीवन, आर्थिक अवस्था, पारिवारिक सम्बन्ध, रोजगारी, ऋण, अपमान, हिंसा, असुरक्षा र भविष्यप्रतिको आशाले लामो समयदेखि त्यस निर्णयलाई आकार दिइरहेका हुन्छन्।

सामाजिक बहिष्करण, लैंगिक हिंसा, आप्रवासन, आर्थिक संकट, प्राकृतिक विपत्ति र एक्लोपनलाई आत्महत्याका प्रमुख सामाजिक जोखिमका रूपमा पहिचान गरेको छ।

**आर्थिक मन्दी र आत्महत्या अनुसन्धानका निचोड** : विश्वमा भएका थुप्रै अनुसन्धानले आत्महत्या र सामाजिक-आर्थिक समस्याबीच प्रत्यक्ष सह-सम्बन्ध हुने तथ्य उजागर गरेका छन्। संगठनका अनुसार विश्वभर हरेक वर्ष सात लाखभन्दा बढी मानिसले आत्महत्या गर्छन्। तीमध्ये करिब ७३ प्रतिशत निम्न तथा मध्यम आय भएका देशका नागरिक छन्। अध्ययनहरूले रोजगार व्यक्तिहरूको तुलनामा बेरोजगार व्यक्तिहरूमा आत्महत्याको जोखिम ५८ प्रतिशत बढी हुने देखाएका छन्।

अमेरिकी संस्था 'सेन्टर्स फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन' (सीडीसी)को अनुसन्धानले आर्थिक मन्दीका बेला आत्महत्याको दर तीव्र रूपमा बढ्ने देखाएको छ। सन् १९२९ देखि १९३२ को महान् आर्थिक मन्दीको समयमा अमेरिकामा आत्महत्या दर इतिहासकै सबैभन्दा उच्च बिन्दुमा पुगेको थियो। प्रसिद्ध जर्नल 'द लान्सेट'को प्रतिवेदनअनुसार अमेरिका तथा युरोपमा सन् २००८ देखि २०१० को आर्थिक मन्दीका कारण ठूलो संख्यामा मानिसहरू बेरोजगार र घरबारविहीन हुँदा आत्महत्याको दर उल्लेख्य रूपमा बढेको थियो। 'सायन्स डाइरेक्ट'को अध्ययनमा सन् १९९७-१९९८ को एसियाली वित्तीय संकटका बेला जापान र कोरियाजस्ता विकसित देशहरूमा समेत आत्महत्या दर उल्लेख्य बढेको पाइयो।

'अस्ट्रेलियन इन्स्टिच्युट अफ हेल्थ एन्ड वेलफेयर' (२०२३) को अध्ययनले अस्ट्रेलियामा सबैभन्दा कमजोर सामाजिक-आर्थिक अवस्था भएका क्षेत्रहरूमा आत्महत्याको दर उच्च देखाएको छ। 'भारतीय राष्ट्रिय अपराध रेकर्ड ब्युरो'को पछिल्लो प्रतिवेदनले पनि भारतमा आत्महत्या गर्नेमा सबैभन्दा ठूलो हिस्सा दैनिक ज्यालादारी मजदुर र किसानहरूको रहेको देखाउँछ। ओईसीडी देशहरूमा गरिएका अध्ययनले पनि उच्च आय भएका विकसित देशहरूमा समेत बेरोजगारी बढ्दा आत्महत्या दर बढ्ने प्रवृत्ति देखाएका छन्।

यसको अर्थ गरिब, बेरोजगार वा सामाजिक विभेदमा परेका सबै व्यक्तिले आत्महत्या गर्छन् भन्ने होइन। आर्थिक रूपमा सम्पन्न मानिसहरू आत्महत्याबाट पूर्ण रूपमा सुरक्षित हुन्छन् भन्ने पनि होइन। आत्महत्या– जैविक, मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक र आर्थिक कारकहरूको जटिल अन्तरक्रियाबाट उत्पन्न हुने बहुआयामिक घटना हो। तर, आधुनिक अनुसन्धानले सामाजिक-आर्थिक संरचनाले यसको जोखिमलाई उल्लेख्य रूपमा प्रभावित गर्ने कुरामा बलियो प्रमाण प्रस्तुत गरेको छ।

**नेपालको यथार्थ ८५ प्रतिशत पीडित विपन्न र मध्यम वर्ग** : नेपालको अवस्था पनि निकै चुनौतीपूर्ण रहेको तथ्य प्रहरीको पछिल्लो वार्षिक तथ्यांकले देखाउँछ। प्रहरीको तथ्यांकअनुसार नेपालमा दैनिक औसत २० जनाले आत्महत्या गरिरहेका छन् र यो बढ्दो क्रममा छ। नेपाल प्रहरीका अनुसार नेपालमा हुने आत्महत्यामध्ये ८५ प्रतिशत गरिब र मध्यम वर्गका परिवारबाट छन्। नेपालमा आत्महत्या अब व्यक्तिगत समस्या मात्र रहेन, बरु यो हाम्रो समाजमा आइरहेको तीव्र संरचनात्मक परिवर्तनको साक्षी पनि बनेको छ। गाउँबाट सहरतर्फको बसाइँसराइ, वैदेशिक रोजगार, संयुक्त परिवारको विघटन, बढ्दो ऋणको बोझ, सहकारी संकट, बेरोजगारी, महँगो शिक्षा र स्वास्थ्य, चर्को प्रतिस्पर्धा, देखावटी प्रतिष्ठा र सम्पन्नता, अनि सामाजिक सञ्जालले निर्माण गरेको कृत्रिम सफलताको संस्कृतिले मानिसलाई पहिलेभन्दा धेरै एक्लो बनाइरहेको छ। भौतिक रूपमा परिवारसँग जोडिएको भए पनि भावनात्मक रूपमा धेरै मानिस एक्लिँदै गएका छन्। यी तमाम सामाजिक-आर्थिक प्रभावहरूले नेपाली समाजमा आत्महत्याको जोखिम बढाउन मुख्य भूमिका खेलेको देखिन्छ।

**निष्कर्ष** : नागरिकहरूको आर्थिक-सामाजिक सुरक्षा बलियो भएका समाजमा आत्महत्याको दर तुलनात्मक रूपमा कम हुने प्रवृत्ति अध्ययनहरूले देखाएका छन्। नर्डिक देशहरू, जापान तथा अन्य युरोपेली राष्ट्रहरूले आत्महत्यालाई केवल व्यक्तिको निजी समस्याका रूपमा होइन, सार्वजनिक स्वास्थ्य र सामाजिक नीतिको साझा चुनौतीका रूपमा स्वीकार गर्दै सामाजिक सुरक्षा, मानसिक स्वास्थ्य सेवा र समुदायमा आधारित सहयोग प्रणालीलाई एकीकृत रूपमा अघि बढाइरहेका छन्। त्यसैले आत्महत्यालाई केवल व्यक्तिगत असफलता वा मानसिक रोगको दृष्टिले मात्र बुझ्नु पर्याप्त हुँदैन। आत्महत्या जैविक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक र सांस्कृतिक कारकहरूको जटिल अन्तरक्रियाबाट उत्पन्न हुने बहुआयामिक घटना हो। त्यसैले यसको रोकथामका लागि मानसिक स्वास्थ्य सेवाको विस्तार आवश्यक छ, तर त्यतिले मात्र पुग्दैन। सम्मानजनक रोजगारी, प्रभावकारी सामाजिक सुरक्षा, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच, ऋणको बोझ न्यूनीकरण, समुदायमा आधारित सहयोग प्रणाली तथा सामाजिक सम्बन्धको पुनर्निर्माण पनि उत्तिकै आवश्यक छन्।

*श्रेष्ठ, सामाजिक-राजनीतिक विषयका अध्येता हुन्।*

# बाँदर धपाउन हेरालु, बँदेल रोक्न काँडेतार

**कृष्ण पोखरेल** | *तानसेन*





पाल्पालगायत पहाडी क्षेत्रका बस्तीमा बाँदर, दुम्सी, बदेल, मृग, खरायोलगायतका जंगली जनावरले खेतीपातीमा ठूलो नोक्सान पुऱ्याउँदै आएका छन्। जंगली जनावरको कारण बस्ती नै खाली हुन थालेपछि पाल्पा रिब्दीकोट गाउँपालिका-१ ख्याहाले गाउँ-गाउँमा बाँदर हेरालु कर्मचारीदेखि, कृषकको बारीमा काँडेतार जाली लगाएर जंगली जनावर नियन्त्रणको नमुना काम गरेको छ।

अहिले मकै खेतीको मुख्य सिजन हो। चैत-वैशाखमा लगाएको मकै अहिले फल्ने, दाना हाल्ने समय हो। जंगली जनावार बाँदर र बँदेलको संख्या अत्याधिक वृद्धि सँगै कृषकले लगाएको मकैलगायत अन्नबालीमा ठूलो नोक्सान पुऱ्याउँदै आएको छ। केन्द्रीय सरकारलाई बाँदर तथा बँदेल जस्ता जंगली जनावर नियन्त्रणका लागि कृषकहरूले आवाज उठाए पनि कहीँ कतैबाट सुनुवाइ हुन सकेको छैन। पाल्पाको रिब्दीकोट गाउँपालिका-१ ख्याहा वडा कार्यालयले २०८० सालदेखि प्रत्येक वर्ष बाँदर लखेट्न ९-१० जनाका दरले हेरालु कर्मचारी खटाएर कृषकको मकै खेती जोगाउने अभियानमा लागेको छ।

यो वर्ष वडा कार्यालयले साउन भदौका लागि बाँदर लाग्ने वडाको धैरेनी मेयालपानी क्षेत्रमा ९ जना हेरालु राखेर मकै खेती रेखदेख गर्दै आएको छ। ख्याहाको धैरेनी मेयालपानी, रातामाटा कोटफेरालगायतका क्षेत्रमा ६ जना र जोगीथुम क्षेत्रमा ३ जना गरी ९ जना हेरालु राखेर बाँदर धपाउने कामले कृषकलाई रातह मिलेको बाँदर हेरालु विष्णुबहादुर सुनारले बताए।

बाँदर हेरालुहरू बिहान ५ बजेदेखि राति ८ बजेसम्म निरन्तर कृषकको मकैबारी क्षेत्रमा खटिदै आएका छन्। बाँदर हेरालुलाई गुलेली, नक्कली बन्दुक, गोला बारुदलगायतका सामग्रीहरू समेत उपलब्ध गराउँदै आएको छ। बाँदर हेरालु कार्यक्रमले स्थानीय स्तरमा मकै खेती जोगाउन सहयोग मिलेको र केहीले गाउँमै रोजगारीसमेत पाएका स्थानीय रामप्रसाद न्यौपानेले बताए।

दिउँसोमा हेरालुको कारण ख्याहा कृषकको मकै खेती बाँदरबाट जोगिएको छ भने रातिमा बँदेल, दुम्सी, मृग घोरललगायतका जनावारहरू काँडेतार र जालीबाट भित्र पस्न नपाउँदा ख्याहाका कृषकहरूलाई राहत मिलेको छ। गाउँमा ठूलो संख्यामा बाँदर आउँदा कृषकका घरपरिवारका सदस्यहरूले पनि बाँदर धपाउन सहयोग गर्दै आएका छन् भने अन्य समयमा हामी हेरालुबाटै बाँदर धपाउने काम हुँदै आएको तिलबहादुर सुनारी मगरले बताए।

मकै खेती जोगाउन जेठ महिनादेखि भदौसम्म बिहान ४ बजेदेखि राति ८ बजे सम्म बारीमा बाँदर धपाउन बस्नु पर्ने बाध्यता ख्याहावासीमा थियो। विगत २०८० सालदेखि वडा कार्यालयबाट हेरालुले व्यवस्था भएपछि धैरे सजिलो भएको स्थानीय सूर्यबहादुर विकले बताए। एक वर्षअघिसम्म रातिमा मृग, दुम्सी र बँदेलले बाली खाए हैरान पार्दथ्यो अहिले जाली लगाएपछि रातिमा जंगली जनावर आएर बालीनाली नोक्सान गरेको छैन भने वडा कार्यालयले गरेको सहयोगले कृषकहरूलाई राहत मिलेको, खेतीबाली जोगिएको स्थानीय ख्याहा धैरेनीका कृषक शंकरबहादुर सुनारले बताए।

रिब्दीकोट गाउँपालिका-१ ख्याहाको बाँदर लाग्ने क्षेत्रका स्थानीय बासिन्दाको मागअनुसार वडा कार्यालयले विगत ५ वर्षदेखि बाँदर हेरालु राख्दै आएको छ। वडा कार्यालय बाँदर लाग्ने क्षेत्रका कृषकहरूबीच एक आपसमा प्रतिस्पर्धा गराएर बलिया फुर्तिला व्यक्तिहरू छनौट गरेर २ महिनाका लागि बाँदर हेरालु जागिरेको रूपमा नियुक्त गरी कृषकको मकै लगाएको खेतबारीमा खटाएको छ। गत वर्षदेखि वडा कार्यालयले कृषकको खेती क्षेत्रमा ७ फिटको १ सय ६० मिटरमा काँडेतार जाली लगाएर जंगली जनावर नियन्त्रणमा अर्को महत्त्वपूर्ण काम गरेको छ।

मेयालपानी र आरुखर्कसम्म काँडेजाली लगाउनुपर्ने स्थानीवासीको माग रहेको छ। स्थानीय जनताको मागअनुसार वडा कार्यालय चालु आर्थिक वर्षमा थप ५ सय मिटर क्षेत्रमा काँडेतार जालीको बजेट बिनियोजन गरेको वडा अध्यक्ष चिरञ्जीवी पोखरेलले बताए। वडा कार्यालयले गत वर्षमात्र नमुनाका रूपमा जंगली जनावरले अत्यधिक दुःख दिने स्थानमा काँडेतार जाली लगाएको छ जसले गर्दा बाँदर जालीमा चढ्नसमेत कठिनाइ हुने, रातिमा आउने बँदेल, दुम्सी, मृग, घोरल र खरायो जस्ता जनावार नियन्त्रणमा आएको स्थानीयवासीको भनाइ रहेको छ।

एकातर्फ पहाडी क्षेत्रमा जंगली जनावरकै कारण अधिकांश खेती योग्य जमिन दिनहुँ बाँझो बन्दै गएको छ भने अर्कोतर्फ खेतीपाती गर्दै आएका कृषकहरूलाई बाँदर, बँदेल, दुम्सी, मृग, घोरल र जंगली खरायोका कारण उठीबास लगाएको छ। यस्तो अवस्थामा रिब्दीकोट गाउँपालिका-१ ख्याहाले बाँदर हेरालु र खेतीयोग्य जमिनको छेउँमा काँडेतार जाली लगाएर कृषकहरूलाई राहत प्रदान गरेको छ। वडा कार्यालयले गरेको बाँदर धपाउने, बारीमा काँडेतार जाली लगाउने नमुना कार्यले ख्याहा पाल्पाका कृषकहरू खुसी भएका छन्। यस्ता नमुना कार्य अन्य वडा कार्यालयबाट भएका कृषकलाई ठूलो राहत मिल्ने देखिन्छ।

# वीरगन्ज नाकाबाट ३ वर्षमा ३७८ महिला र बालिकाको उद्धार

**क्रान्ति शाह** | *वीरगन्ज*



वीरगन्ज नाकाबाट तीन वर्षको अवधिमा मानव बेचबिखन तथा ओसारपसारको जोखिममा परेका ३ सय ७८ जना महिला तथा बालबालिकालाई उद्धार गरिएको छ।

नाकामा परिचालित माइती नेपाल र प्रहरीको पहल र सहयोगमा आर्थिक वर्ष २०८०/८१ देखि आर्थिक वर्ष २०८२/८३ सम्म तीन वर्षको अवधिमा ३ सय ७८ जना महिला तथा बालबालिकालाई उद्धार गरिएको हो। वीरगन्जमा आयोजित एक कार्यक्रममा माइती नेपालकी पर्सा संयोजक गोमा पौडलले वीरगन्ज नाकाबाट आर्थिक वर्ष २०८०/८१ मा ७९ महिला र ३२ बालिका गरी १ सय ११ जना, आर्थिक वर्ष २०८१/८२ मा १०९ महिला र ६० बालिका गरी १६९ जना र गत आर्थिक वर्ष २०८२/८३ मा ६३ महिला र ३५ बालिका गरी ९८ जननालाई उद्धार गरिएको जानकारी गराइन्।

गत आर्थिक वर्ष २०८२/८३ मा सीमा नाकाबाट उद्धार गरी घर फर्काइएका ९८ जनामा १६ देखि १९ वर्ष उमेर समूहका ३५ जना र १९ वर्षभन्दा माथिका ६३ जना महिला तथा बालिकाहरू रहेको माइती नेपालले जनाएको छ।

ती ९८ जनामध्ये सबैभन्दा धेरै मधेस प्रदेशका ५१ जना, पर्साका २० जना, बाराका १६ जना, सर्लाहीका ७ जना, रौतहट, धनुषा र सप्तरीका २/२ जना तथा सिराहाका १ जना) छन्। यस्तै बागमती प्रदेशका २२ जना, कोशी प्रदेशका १० जना, गण्डकी प्रदेशका ५ जना, लुम्बिनीका ४ जना, कर्णाली प्रदेशका २ जना र सुदूरपश्चिम प्रदेशका १ जना छन्। वीरगन्ज नाका हुँदै भारत प्रवेश गर्न लागेका उनीहरूलाई सीमामै रोकेर उद्धार गरी अभिभावकको जिम्मा लगाएर घर फर्काइएको उनले बताइन्।

**'प्रेम सम्बन्ध' र 'नेटवर्किङ कम्पनी' मुख्य चुनौती**

पौडेलका अनुसार, पछिल्लो समय मानव बेचबिखन र ओसारपसारको स्वरूप फेरिँदै गएको छ। पछिल्लो समय १६ देखि १९ वर्ष उमेर समूहका किशोरीहरू सामाजिक सञ्जालमार्फत चिनजान गरी 'प्रेम सम्बन्ध'को बहानामा बढी जोखिममा पर्ने गरेको देखिएको उनले बताइन्।

नेपाल-भारत सीमा क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसारको जोखिमपूर्ण अवस्थामा रहेकाहरू भारत जानुको मुख्य कारण 'प्रेम सम्बन्ध' र 'नेटवर्किङ कम्पनी'को प्रलोभन देखिएको छ।

'प्रेम सम्बन्ध' र 'नेटवर्किङ कम्पनी' मुख्य चुनौती

माइती नेपाल लगायतका संघ-संस्था र सुरक्षा निकायले सीमा नाकामा गरेको कडाइ र निगरानीका क्रममा यस्तो तथ्य फेला परेको पौडेलले जानकारी गराइन्। उनका अनुसार, गत आर्थिक वर्षमा भारत जान लागेको अवस्थामा वीरगन्ज नाकामा रोकिएका कुल ९८ जनामध्ये सबैभन्दा धेरै ३४ जना प्रेम सम्बन्धमा परी भारततर्फ जान लागेका थिए। यो तथ्यांकले बालिका र किशोरीहरू भावनात्मक सम्बन्धको आवरणमा बेचबिखनको ठूलो जोखिममा रहेको प्रष्ट पारेको उनले बताइन्।

यस्तै, उद्धार गरिएका ९८ जनामध्ये १५ जना घुम्ने बहानामा, १२ जना नेटवर्किङ कम्पनीमा काम गर्ने लोभमा, ११ जना जाने ठाउँ उद्देश्यको अत्तोपत्तो नभएका, ९ जना सामान किन्न जाने बहाना, ७ जना अन्य काम गर्ने बहाना, ४ जना आफन्त भेटघाट गर्न, ३ जना आर्केस्ट्रामा काम गर्न, २ जना उपचारको बहाना र १ जना वैदेशिक रोजगारमा जाने बहाना बनाएकाहरू रहेको उनले जानकारी गराइन्।

मानव बेचबिखन विरुद्धको अभियानलाई प्रभावकारी बनाउन सीमानाकामा निगरानी बढाइनुका साथै सीमा क्षेत्रका वस्तीहरूमा सचेतनाका लागि सघन क्रियाकलापहरू सञ्चालन गरिएको माइती नेपालकी पर्सा संयोजक पौडेलले बताइन्।

कार्यक्रममा सहभागी सशस्त्र प्रहरी नायब उपरीक्षक विकास अधिकारीले मानव बेचबिखन तथा ओसारपसारलगायतका गतिविधि नियन्त्रणका लागि वीरगन्ज नाका र सहायक नाकाहरूमा यही साउन १० गतेदेखि १६ सदस्यीय 'बोर्डर इन्ट्र्याक्सन टिम' (बीआईटी) परिचालन गरिएको जानकारी गराए। उक्त टोलीले नागरिक सहायता कक्ष स्थापना गरी वीरगन्जसहित यसआसपासका ६ वटा सीमानाकामा बिहान ५ बजेदेखि राति १२ बजेसम्म काम गरिरहेको बताए। जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापाले मानव बेचबिखन जस्ता अपराध नियन्त्रणका लागि सबै सरोकारवालाको हातेमालो आवश्यक रहेको औंल्याए।

त्यस्तै, पर्साका प्रहरी प्रमुख प्रहरी उपरीक्षक पवन भट्टराईले पनि यस्ता अपराध नियन्त्रणको दायित्व प्रहरीले मात्रै होइन स्थानीय, पत्रकार, समाजसेवीलगायत सबै सरोकारवालाले लिनुपर्नेमा जोड दिए।

# मुख्यमन्त्री बानियाँद्वारा राजीनामा



**हेटौंडा** (अन्नपूर्ण): बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले राजीनामा दिएका छन्।

बागमती प्रदेशसभाको सोमबारको बैठकको सुरुमै उनले विकसित पछिल्लो राजनीतिक समीकरणअनुसार नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न राजीनामा दिएको बताए। उनले सोमबार नै प्रदेश प्रमुखसमक्ष र ाजीनामा बुझाए।

# हराएका व्यक्ति ११ दिनपछि फेला



**रसुवा** (अन्नपूर्ण) : कालिका गाउँपालिकाबाट हराएका एक व्यक्तिलाई ११ निपछि प्रहरीले बेहोस अवस्थामा फेला पारी उद्धार गरेको छ।

जिल्ला प्रहरी कार्यालय रसुवाका अनुसार कालिका गाउँपालिका-२, लामाटोलका ३४ वर्षीय वीरबहादुर स्याङ्वा गत साउन २० गते राति परिवारमा कसैलाई जानकारी नदिई घरबाट निस्केका थिए। उनी घर नफर्किएपछि आफन्तले खोजतलासका लागि साउन २१ गते इलाका प्रहरी कार्यालय कालिकास्थानमा हुलियासहित निवेदन दिएका थिए।

खोजीका क्रममा उत्तरगया गाउँपालिका-५ स्थित पहरेखोला किनारमा स्थानीयले घाँस काट्ने क्रममा स्याङ्वालाई बेहोस अवस्थामा फेला पारेका थिए। स्थानीयबाट जानकारी पाउनसाथ इलाका प्रहरी कार्यालय कालिकास्थान र प्रहरी चौकी वेत्रावतीबाट प्रहरी टोली घटनास्थल खटिएको थियो। प्रहरी र स्थानीयवासीको संयुक्त प्रयासमा उनको तत्काल उद्धार गरी उपचारका लागि त्रिशुली अस्पताल हुँदै राष्ट्रिय ट्रमा सेन्टर जिल्ला प्रहरी कार्यालय रसुवाका सूचना अधिकारी प्रहरी निरीक्षक डिल्लीराज सापकोटाले बताए।

# पोखरामा विद्युतीय चुल्हो वितरण



**पोखरा** (अन्नपूर्ण) : पोखरा महानगरपालिकामा विद्युतीय चुल्हो वितरण सुरु भएको छ। एलपी ग्यास र दाउराको विकल्पमा देशमै उत्पादित बिजुलीबाट चल्ने विद्युतीय चुल्होबाट खाना पकाउन उपभोक्तालाई प्रोत्साहन गर्न यो अभियान सुरु गरिएको महानगरपालिकाका मेयर धनराज आचार्यले बताए।

पोखराको ग्रामीण वडा नम्बर २२ मै बस्ने स्थानीयलाई चुल्हो वितरण गरेर अभियान सुरु गरिएको हो। वडाको ग्रामीण क्षेत्रबाट बजार झरेका स्थानीयले सहुलियत दरको विद्युतीय चुल्हो पाउने छैनन्। पोखरा महानगरपालिकाको समन्वयमा वैकल्पिक ऊर्जा केन्द्रको प्रयोगलाई प्रोत्साहन गर्न नगरबासीलाई विद्युतीय चुल्हो वितरण सुरु गरेको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बताए।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको ७० प्रतिशत र उपभोक्ताहरूको ३० प्रतिशत लागत साझेदारीमा विद्युतीय चुल्हो वितरण गरिएको महानगरपालिकाले बताएको छ। पोखरा २२ का कालाबाङ, भुम्दी लगायतका विभिन्न ५ वटा टोलमा बसोबास गर्ने वडावासीलाई पहिलो चरणमा चुल्हो वितरण गरिएको हो। यो अभियानमा वडामा करिब २ हजार चुल्हो वितरण गरिने पोखरा महानगरपालिका २२ का वडा अध्यक्ष हिमलाल बरालले बताए।

पोखरा महानगरपालिकाको पञ्चवर्षीय नगर उर्जा योजनाअनुसार सन् २०२९ सम्ममा महानगरपालिका भित्र २५ प्रतिशत घरधुरीमा विद्युतीय चुल्हो पहुँच पुऱ्याउने लक्ष्य राखेको छ।

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, विन्डपावर नेपाल र युरोपियन युनियनको सहयोगमा पोखरा महानगरपालिकाको सहरी योजना आयोगले तयार गरेको नगर ऊर्जा योजनाले विस २१०० सम्म पोखरालाई कार्बन तटस्थ सहर बनाउने लक्ष्य राखेको छ। पोखरामा एलपी ग्यास ८४.२५ प्रतिशत रहेको महानगरपालिकाले जनाएको छ बायोग्यास ५.२५ प्रतिशत, काठ दाउरा १०.२७ प्रतिशत र विद्युतीयको प्रयोग ०.२३ प्रतिशत रहेको बताइएको छ।

**नीलोआकाश बचत तथा ऋण सहकारी संस्था लि.**
**काठमाडौं-३२, गैरीगाउँ**

**१९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।**

संस्थाको मिति २०८३।०४।२४ गते बसेको संयुक्त बैठकको निर्णय अनुसार १९ औं वार्षिक साधारण सभा तपशिल बमोजिम हुने भएको हुँदा यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**कार्यक्रम हुने मिति , स्थान र समय :**
**मिति** : २०८३ असोज ०३ गते, शनिबार ।
**स्थान** : ताज व्याङ्.केट, तिनकुने (प्रभु बैंक पछाडी)
**समय** : बिहान ८:०० बजे ।

**सभामा छलफल हुने विषयहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू को प्रतिवेदन माथी छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
२. संचालक समितिको तर्फबाट कोषाध्यक्षज्यू को प्रतिवेदन माथी छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन माथी छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
४. आ.व. २०८२।२०८३ को लेखापरीक्षकको प्रतिवेदन माथी छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
५. आ.व. २०८२।२०८३ को लाभांस वितरण गर्ने सम्बन्धमा ।
६. आ.व. २०८३।२०८४ को लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. विनियम संसोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने सम्बन्धमा ।
८. वाह्य दायित्व स्वीकार र भुक्तान गर्ने अख्तियारी सम्बन्धमा ।
९. सदस्यको दायित्व मिनाहा एंव व्याजदर परिवर्तन गर्ने अख्तियारी सम्बन्धमा ।
१०. लिलाम तथा गैर बैंकिङ. सम्पत्ति प्राप्ती गर्न सक्ने सम्बन्धमा ।
११. पारिश्रमिक एंव बैठक भत्ता सम्बन्धमा ।
१२. साधारण सभाको निर्णय पुस्तीकामा हस्ताक्षर गर्न शेयर सदस्यको तर्फबाट १० जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१३. विविध ।

**संचालक समितिको आज्ञाले**
**राजकुमार गौतम**
**(सचिव)**

**पुनश्च :**
क. २०८३ असार मसान्तमा ७० वर्ष लाग्नु भएका जेष्ठ सदस्यलाई सम्मान गरिने भएकोले २०८३।०५।२९ गते सम्म संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
ख. शैक्षिक सम्मानका सम्बन्धमा साधारण सभा हलबाट सम्मान गरिने हुँदा संस्थाका सदस्य तथा सदस्यका छोराछोरीहरु मध्येबाट २०८२ सालको एस.ई.ई., २०८२।०८३ को +२ , स्नातक, स्नातकोत्तर र विधावारिधि तहको परीक्षामा उत्कृष्ट अंक ल्याउने एक छात्र/छात्रा लाई पुरस्कार सहित नीलोआकाश उत्कृष्ट शैक्षिक सम्मान २०८२ र उत्तीर्ण सबै छात्रछात्रा लाई सम्मान गरिने भएकोले मिति २०८३।०५।२९ गते सम्म संस्थामा लब्धांक पत्र उपलब्ध गराईदिनहुन अनुरोध गरिन्छ ।
ग. सभामा उपस्थित सदस्यहरुलाई खाजा भत्ता उपलब्ध गराईने छ ।

**(थप जानकारीको लागी ०१-४११७९३७, ०१-४११७९३८, ९७४१६६२२७५ र नीलोआकाशको फेसबुक पेजमा हेर्न सकिने ।)**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना**

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
| --- | --- |
| १ | **१) ऋणी कम्पनी : श्रीपेच होटल एण्ड रिसोर्ट प्रा.लि., संचालक तथा जमानीकर्ता : १) सरोज कुमार सेन, २) सञ्जु थापा, ३) तिलक थापा, ४) खोम बहादुर सिंह ठकुरी**<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. १९६१२६/०७५/०७६, दर्ता मिति : २०७५/०४/३०, ठेगाना: जिल्ला कपिलवस्तु, वाणगंगा न.पा. वडा नं. ४ |
| | **२) ऋणी : सरोज कुमार सेन**<br>स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स. वडा नं. ७, हालको ठेगाना : कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ४, बाबु : मोती बहादुर सेन, बाजे : मान बहादुर सेन |
| | **३) ऋणी : तिलक थापा**<br>स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स. वडा नं. १, हालको ठेगाना : कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ४, बाबु : शिव बहादुर सोमई, बाजे : डिल बहादुर सोमई |
| | **४) ऋणी : सन्जु थापा**<br>स्थायी ठेगाना : स्याङ्जा जिल्ला, विर्घा गा.वि.स. वडा नं. १, हालको ठेगाना : कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ४, बाबु : हेम बहादुर थापा, बाजे : लोक बहादुर थापा |
| | **५) ऋणी : सावित्री खांण**<br>स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, वाणगंगा गा.वि.स. वडा नं. ७, हालको ठेगाना : कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ४, बाबु : लेख बहादुर खांण, ससुरा : हेम बहादुर थापा, पति : सन्जु थापा |
| २ | **ऋणी फर्म : के. पि. ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : विनोद यादव**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीमा फाइल नं. ६५२७, प्राइभेट फर्म दर्ता २४९०-८-२०८०/८१, दर्ता मिति : २०८१/०३/२३, ठेगाना : जिल्ला रुपन्देही, कोटहीमाई गा.पा. वडा नं. ३ |
| ३ | **१) ऋणी फर्म : रुपा एण्ड उषा कोल्ड स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता : महेन्द्र थारु**<br>दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, रुपन्देहीमा प्रा.फ.र.नं. ३१०००, दर्ता मिति : २०७०/०४/१८, ठेगाना : जिल्ला रुपन्देही, छो.रामनगर गा.वि.स. वडा नं. २ |
| | **२) ऋणी : महेन्द्र थारु**<br>स्थायी ठेगाना : रुपन्देही जिल्ला, छो.रामनगर गा.वि.स. वडा नं. २, हालको ठेगाना : रुपन्देही जिल्ला, ओमशतीया गा.पा. वडा नं. ६, बाबु : चन्नर थारु, बाजे : भुवन थारु |
| ४ | **१) ऋणी फर्म : नासिर गल्ला तथा जनरल स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता : अलताफ मु. धुनिया**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तु, तौलिहवामा प्रा.फ.र.नं. ११७३८/०८०, दर्ता मिति : २०८०/०३/०८, ठेगाना : जिल्ला कपिलवस्तु, माहाराजगंज न.पा. वडा नं. १० |
| | **२) ऋणी फर्म : अदिर पोल्ट्री फर्म, संचालक तथा जमानीकर्ता : अलताफ मु. धुनिया**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा कपिलवस्तुमा, उद्योग दर्ता नं. ७८२२/०७५, दर्ता मिति : २०७५/४/११, ठेगाना : जिल्ला कपिलवस्तु, माहाराजगंज न.पा. वडा नं. २ |
| | **३) ऋणी : अलताफ मु. धुनिया**<br>स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, महाराजगंज गा.वि.स. वडा नं. ४, हालको ठेगाना : कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. १०, बाबु : मेहदी हसन मु.धुनिया, बाजे : नसिबदार |
| ५ | **१) ऋणी फर्म : बि.जि. सप्लायर्स, प्रोपाईटर तथा जमानीकर्ता: विनोद घिमिरे**<br>**दर्ता नं.**: घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्रा.फ.र.नं. प्रा.फ.र.नं. ५७/११०९६/४/१८, **दर्ता मिति** २०७५/०४/१८, **ठेगाना:** जिल्ला झापा, दमक न.पा. वडा नं. १० |
| | **२) ऋणी : विनोद घिमिरे**<br>**स्थायी ठेगाना** : झापा जिल्ला, दमक न.पा. वडा नं. १६, **हालको ठेगाना** : झापा जिल्ला, दमक न.पा. वडा नं. ४, **बाबु** : कृष्ण प्रसाद घिमीरे, **बाजे** : भवानी शंकर घिमीरे |
| ६ | **लिल बहादुर सुनारी**<br>**स्थायी ठेगाना** : नवलपरासी जिल्ला, देउराली गा.वि.स. वडा नं. ३, **हालको ठेगाना** : नवलपरासी जिल्ला, हुप्सिकोट गा.पा. वडा नं. ३, **बाबु** : टक बहादुर सुनारी, बाजे: हिरा बहादुर सुनारी |

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

# जुलाईमा ३० वर्षयताकै कम वर्षा

## एल नीनो र विश्वव्यापी तापमान वृद्धिको असर

**नितु घले** | *काठमाडौं*



नेपालमा यस वर्षको जुलाई महिनामा ३० वर्षयताकै सरदरभन्दा कम वर्षा भएको छ। जल तथा मौसम विज्ञान विभागले हालै सार्वजनिक गरेको प्रतिवेदनअनुसार सन् २०२६ को जुलाईमा वर्षा कम हुनुका साथै अधिकतम र न्यूनतम तापक्रम भने सरदरभन्दा बढी मापन गरिएको छ। मनसुन अवधिभर सामान्यतया जुलाईमै सबैभन्दा बढी वर्षा हुने गर्छ।

विभागका मौसमविद् अशोक पोखरेलका अनुसार सन् १९९१ देखि २०२० सम्मको ३० वर्षलाई विश्लेषण गर्दा जुलाईमा औसत ४५७.४२ मिलिमिटर (मिमि) वर्षा हुने गरेकोमा यस वर्ष भने जम्मा ४०० मिमिमात्रै वर्षा भएको छ। '३० वर्षको तथ्यांक हेर्दा यो वर्षको जुलाईमा सरदरभन्दा कम वर्षा भएको छ,' उनी भन्छन्, 'यस वर्ष एल नीनोको प्रभावका साथै स्थानीय र विश्वव्यापी जलवायुको असरले गर्दा वर्षा कम र तापक्रम बढी भएको हो।' उनका अनुसार वर्षा घट्दा धेरैजसो क्षेत्रमा तापक्रम वृद्धि भएको हो।

### विश्वभर नै इतिहासकै तातो जुलाई

विश्व मौसम संगठनका अनुसार जलवायु विज्ञानको दृष्टिकोणबाट सन् १८५० पछि २०२४ र २०२६ को जुलाई महिना इतिहासकै सबैभन्दा तातो बनेका छन्। जलवायु अध्येता तथा अल्पविकसित देशहरूको सहायता टोलीका प्रमुख मञ्जित ढकालले जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलले समेत प्रमाणित गरिसकेको यो घटनालाई गम्भीर रूपमा लिनुपर्ने बताए।

प्रशान्त महासागरमा हरेक ५ देखि ७ वर्षको अन्तरालमा आउने तापक्रम वृद्धि र एल नीनोका कारण पृथ्वी थप तातिएको ढकालको भनाइ छ। विश्वव्यापी रूपमा जुलाई तातिएको असर नेपालमा पनि देखिएको र यहाँ पनि वर्षा कम भई तापक्रम बढेको उनले बताए।

### भोकमरी र प्राकृतिक विपत्तिको जोखिम

जलाधारविज्ञ मधुकर उपाध्यायका अनुसार एल नीनो आफैंमा ग्लोबल वार्मिङको परिणाम हो। 'समुद्रले पृथ्वीको ९० प्रतिशत ताप सोस्ने भएकाले प्रशान्त महासागर झन् तातिरहेको छ, जसले एल नीनोलाई थप चर्को बनाएको हो,' उनी भन्छन्, 'यसको असरले गर्दा सन् २०२७ मा थप ५ करोड मानिस भोकमरीमा पर्ने जोखिम छ।' विगतमा ५ देखि ७ वर्षमा दोहोरिने एल नीनो अब हरेक चार वर्षमै देखिन सक्ने जोखिम बढेको छ।

सन् २०१५ को पेरिस सम्झौतामा सन् २१०० सम्म विश्वको तापक्रम १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य राखिए पनि हाल त्यो सीमा नाघिसकेकाले व्यापक उत्सर्जन कटौती नभए तापक्रम निरन्तर बढ्दै जाने उनी बताउँछन्।

विश्व मौसम संगठनले एल नीनोका कारण पूर्वी र दक्षिण एसियाली क्षेत्रमा बाढी, पहिरो र डुबानको खतरा औंल्याएको छ। नेपाल, भारत, पाकिस्तान, बंगलादेश, भुटान र म्यानमारजस्ता देशहरूमा भारी वर्षा र विपत्तिका घटनाहरू भइरहेको संगठनले जनाएको छ।

ओखलढुंगाको सडक विवादमा सर्वोच्चको फैसला

# ४ दशक पुरानो कानुनमाथि सर्वोच्चको प्रश्न, नयाँ जग्गा प्राप्ति कानुन बनाउन आदेश

**शिवप्रसाद ढुंगाना** | *काठमाडौं*



ओखलढुंगाको चम्पादेवी गाउँपालिका-३ मा एउटा सडक निर्माणका क्रममा उठेको जग्गा विवादले नेपालको चार दशक पुरानो जग्गा प्राप्ति कानुनमाथि सर्वोच्च अदालतको ध्यान तानेको छ। निजी जग्गा प्रयोग गरेर सडक बनाइसकेपछि मुआब्जा र क्षतिपूर्तिको माग गर्दै परेको मुद्दामा सर्वोच्चले सार्वजनिक सडक कायम राख्दै प्रभावित जग्गाधनीलाई कानुनबमोजिम मुआब्जा तथा क्षतिपूर्ति दिन आदेश दिएको छ।

संघीय संरचनाअनुकूल नयाँ जग्गा प्राप्तिसम्बन्धी कानुन बनाउन न्यायाधीश हरि प्रसाद फुयाल र मेघराज पोखरेलको इजलाशले सरकारलाई निर्देशन दिएको हो। २०८३ असार २९ गते भएको फैसलाको पूर्णपाठ हालै प्रमाणित भएको छ। संघीयता लागू भएको वर्षौं बितिसक्दा पनि संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजनाका लागि निजी जग्गा प्राप्त गर्ने मूल कानुनी आधार जग्गा प्राप्ति ऐन, २०३४ नै रहँदै आएको अवस्थामा सर्वोच्चको फैसलाले विद्यमान कानुनी व्यवस्थाको समयसापेक्षतामाथि प्रश्न उठाएको हो। सर्वोच्चले संघीय शासन व्यवस्थाअनुकूल जग्गा प्राप्ति, मुआब्जा, क्षतिपूर्ति र प्रभावित नागरिकको अधिकारलाई व्यवस्थित गर्ने नयाँ कानुनी व्यवस्था आवश्यक रहेको औंल्याएको अधिवक्ता कुमारप्रसाद घिमिरे बताउँछन्। घिमिरेका अनुसार यो फैसला नजिरका रूपमा रहने र विद्यमान कानुन परिमार्जनको आधार पनि हो।

> संघीय संरचनाअनुकूल जग्गा प्राप्ति, मुआब्जा र क्षतिपूर्तिको व्यवस्था गर्न सरकारलाई निर्देशन

### सडक बन्यो, जग्गाको विवाद बाँकी रह्यो

मुद्दा पलापु-ताप्केडाँडा-कोषभञ्ज्याङ-ककनी सडक निर्माणसँग सम्बन्धित हो। चम्पादेवी गाउँपालिका-३ का चोपिन्द्रबहादुर तामाङको कित्ता नम्बर ४४ र ४६ पर्ने जग्गाबाट सडक निर्माण गरिएको विषयमा विवाद भएको थियो।

तामाङको दाबीअनुसार सडक निर्माणका क्रममा सुरुमा तयार गरिएको सर्भे नक्सा परिवर्तन गरी स्वीकृतिबिना उनको जग्गाको बीचबाट सडक बनाइएको थियो। सडक निर्माण भयो, सार्वजनिक यातायातसमेत सञ्चालनमा आयो। तर, सडकमा परेको निजी जग्गाको मुआब्जा र क्षतिपूर्तिको विषय भने टुंगिन सकेन। त्यसपछि उनी सर्वोच्च अदालत पुगे। तामाङले आफ्नो जग्गाबाट सडक निर्माण गर्ने निर्णय बदर गर्न, जग्गा संरक्षण गर्न वा कानुनबमोजिम मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका थिए। मुद्दामा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, डिभिजन सडक कार्यालय हर्कपुर, ओखलढुंगा, कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र चम्पादेवी गाउँपालिकासमेत विपक्षी थिए।

सरकारी पक्षले सडक निर्माण भइसकेको र सार्वजनिक यातायात सञ्चालनमा आइसकेकाले रिट खारेज हुनुपर्ने जिकिर गरेको थियो। तर सर्वोच्चले सडक बनिसकेको अवस्थालाई मात्र नागरिकको सम्पत्तिमाथिको अधिकार समाप्त हुने आधार मानेन।

### सडक भत्काउन होइन, क्षतिपूर्ति दिन आदेश

सर्वोच्चले सार्वजनिक प्रयोगमा आइसकेको सडक भत्काउन आदेश दिएको छैन। बरु सडकलाई कायम राख्दै त्यसबाट प्रभावित जग्गाधनीलाई कानुनबमोजिम मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिएको छ।

चम्पादेवीका गाउँपालिका, प्रमुख जिल्ला अधिकारी तथा क्षतिपूर्ति निर्धारण समितिका नाममा परमादेश जारी गर्दै तामाङको जग्गामा पुगेको क्षतिको यकिन गरी कानुनअनुसार क्षतिपूर्ति निर्धारण गर्न सर्वोच्चले भनेको छ। फैसलाको मूल सन्देश सार्वजनिक प्रयोजनका लागि निजी सम्पत्ति प्राप्त गर्न राज्यलाई अधिकार भए पनि कानुनले तोकेको प्रक्रिया पूरा नगरी र उचित मुआब्जा नदिई नागरिकको सम्पत्ति प्रयोग गर्न नपाइने रहेको अधिवक्ता घिमिरेले बताए।

### कानुन भने ४ दशक अघिकै

सर्वोच्चको फैसलालाई महत्त्वपूर्ण बनाउने अर्को विषय एकात्मक शासन प्रणालीमा लागू गरिएको जग्गा प्राप्ति ऐन, २०३४ संघीयता आएको दशक बिते पनि कार्यान्वयनमै रहनु हो।

अहिले विकास निर्माणको जिम्मेवारी संघीय सरकारमा मात्र सीमित छैन। प्रदेश र स्थानीय तहले पनि सडक, खानेपानी, भवन तथा अन्य पूर्वाधार आयोजना सञ्चालन गरिरहेका छन्। तर, डोजरे विकासले नागरिकको करोडौंको सम्पत्ति सडकमा नासिएको छ। ठूला आयोजना संघीय सरकारमार्फत अघि बढेर मुआब्जा पाए पनि प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका आयोजना कार्यान्वयन गर्दा दिने प्रचलन छैन। हालसम्म निजी जग्गा प्राप्तिको मूल कानुनी संरचना भने संघीयता आउनुअघिकै परम्परागत ऐनमा आधारित छ। सर्वोच्चले यही अवस्थालाई सम्बोधन गर्न सरकारलाई संघीय संरचनाअनुकूल नयाँ जग्गा प्राप्तिसम्बन्धी कानुन बनाउन निर्देशन दिएको हो। नयाँ कानुनमा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजनाका लागि जग्गा प्राप्तिको प्रक्रिया, मुआब्जा तथा क्षतिपूर्ति र प्रभावित नागरिकको अधिकार स्पष्ट रूपमा व्यवस्थित गर्नुपर्ने अदालतको दृष्टिकोण छ।

### ओखलढुंगाको सडकबाट सिंहदरबार पुगेको प्रश्न

चम्पादेवीको पलापु-ताप्केडाँडा-कोषभञ्ज्याङ-ककनी सडक स्थानीयका लागि आवश्यक पूर्वाधार हो। सडक बनेपछि आवागमन सहज भएको छ। सार्वजनिक यातायात सञ्चालनमा आएको छ। ग्रामीण क्षेत्रलाई अन्य ठाउँसँग जोड्ने पूर्वाधारका रूपमा यसको आफ्नै महत्व छ। ओखलढुंगाको यही विवादमा सर्वोच्चले चार दशक पुरानो जग्गा प्राप्ति कानुनलाई संघीय संरचनासँग जोडेर हेरेको छ। एउटा सडकमा परेको निजी जग्गाको विवादले अब संघीय नेपालमा विकासका लागि जग्गा कसरी प्राप्त गर्ने भन्ने कानुनी प्रश्न मात्र निरुपण गरेको छैन, व्यक्तिको सम्पतिमाथिको अधिकारलाई पनि सुरक्षित गरिदिएको छ।

## फूलको...

१९९२ साउनमा काठमाडौंको नरदेवीमा जन्मिएका दुर्गालालले जीवनको करिब आठ दशक साहित्य साधना, भाषिक अधिकारको आन्दोलन र समाज रूपान्तरणमा सेवा गरेको पाइन्छ।

सुरुवाती दिनहरूमा कन्या मन्दिरलगायतका विद्यालयमा शिक्षण पेसामा आबद्ध उनले पछि आफूलाई पूर्ण रूपमा वाङ्मयकै सेवामा समर्पित गरेका थिए। उनको साहित्यिक यात्रा कुनै एउटामात्र विधा, विषय वा शैलीमा सीमित देखिँदैन; बरु बहुआयामिक, विस्तृत र अत्यन्तै गहिरो लाग्छ। उनको बहुआयामिक व्यक्तित्वको सबैभन्दा उज्यालो र फराकिलो पाटो भनेकै दार्शनिक गीतकारिता हो।

अत्यन्तै सरल र दैनिक जीवनमा बोलिने शब्दहरूभित्र गहिरो दार्शनिक अर्थ अटाउन सक्ने दुर्गालालको क्षमतालाई पाठक र श्रोताले अद्वितीय मानेका छन्। आनी छोइङ डोल्माको स्वर र न्ह्यू बज्राचार्यको संगीतमा रहेको 'फूलको आँखामा फूलै संसार...' गीतले उनलाई प्रत्येक नेपालीको घरआँगन र हृदयमा सदाका लागि स्थापित गराइसकेको छ।

'दुर्गालालका गीतमा एक किसिमको 'सुफी' चेत र मानव कल्याणको विशुद्ध सन्देश पाइन्छ। उनका गीतहरूले मानिसलाई जीवन, मृत्यु र जगत्लाई हेर्ने सकारात्मक एवं शान्त दृष्टिकोण दिएका छन्,' गीतकार एवं चलचित्र निर्देशक राजेन्द्र शलभले भने। उनका अनुसार दुर्गालाल गीतकारमात्र नभई कवि र उत्कृष्ट मानव हुन्। उनी थप्छन्, 'देवतुल्य मान्छे, कसैको कुभलोसमेत नचिताउने। जीवन नै कविताजस्तो।'

दुर्गालाललाई नेपाली बालसाहित्यका सर्वकालीन गुरु र जादुगर मानिने बताउँछन्, स्रष्टा आर. मानन्धर। नेपाली साहित्यमा बालसाहित्यको खडेरी रहेका बेला उनले बालबालिकाको मनोविज्ञानलाई दुरुस्तै उतारेर उनीहरूकै भाषामा साहित्य रचेका थिए। 'दुर्गालालले बालबालिकालाई निरस उपदेशमात्र दिएनन्, उनीहरूलाई प्रकृतिको सौन्दर्य, जीवनको लय र मानवताको पाठ अत्यन्तै मनोरञ्जनात्मक शैलीमा सिकाए,' दुर्गालालको जीवनीकृत कृति 'कवि-कविताको छवि' लेखेका उनले भने, 'उनका बाल खण्डकाव्य 'सन्तको छाता', 'बुकी' र 'सुनचरी' जस्ता बालगीत र कविता संग्रह नेपाली बालसाहित्यका अमूल्य निधि हुन्, जसले पुस्तौंपुस्ताका बालबालिकाको बाल्यकाललाई ज्ञान र मनोरञ्जनले रंगीन बनाएको छ।'

स्रष्टा दुर्गालालको व्यक्तित्वको अर्को अत्यन्त सशक्त पाटो भनेको प्रगतिशील, विद्रोही चेत र भाषिक आन्दोलनप्रतिको अटुट समर्पण हो। पञ्चायतकालको निरंकुशता र भाषिक दमनविरुद्ध उनले आफ्नो कलमलाई बलियो हतियार बनाए। नेपालभाषा संरक्षण आन्दोलनमा उनको भूमिका एक स्रष्टाको मात्र नभई एक अथक क्रान्तिकारी अभियन्ताको थियो।

उनका क्रान्तिकारी कविता र गीतहरूले सीमान्तकृत, मजदुर र दबिएका आवाजहरूलाई सडकदेखि सत्ताको पर्खालसम्म गुञ्जाउने काम गरे। उनका रचनाहरू शोषित वर्गको जागरण र प्रतिरोधको मन्त्र बनेका थिए। मातृभाषा र खस नेपाली दुवै भाषामा समान पकड राख्ने उनले नाटक, निबन्ध र अनुवादका माध्यमबाट पनि नेपाली वाङ्मयको क्षितिज फराकिलो बनाएका थिए।

'भोक, प्यास र अभावै अभावका बीच हुर्केका गरिब परिवारका सन्तान हुन् उनी। अभाव र गरिबी कति कष्टकर र पीडाजनक हुन्छ भन्ने कुराको उनलाई प्रत्यक्ष अनुभव छ,' लेखक मल्ल के. सुन्दर भन्छन्, 'त्यसैले उनको कविहृदयले देशको कुनै पनि कुनाका मान्छेको अचेतन मनस्थितिमा लुकेर बसेका दु:खपीडा, गरिबी, भोक, प्यास र अभावका अव्यक्त भावलाई स्पष्ट बुझेको हुन्छ।' उनका अनुसार कवितामा प्रत्येक अनाथ र असहाय पात्रहरू जीवन्त भएर देखा पर्छन् भने दुर्गालाल पाठकको चेतनालाई कोट्याउँछन्।

'समाज र राष्ट्रमा भइरहेको विसंगति र विकृतिप्रति असन्तोष र विद्रोहमात्र नभएर नयाँ युगका निम्ति परिवर्तनको पक्षमा कविताका माध्यमबाट आवाज उठाइरहन्छन्,' सुन्दर थप्छन्, 'समता, न्याय, स्वतन्त्रता अनि मान्छे भएर पनि मान्छे हुन नपाएकाहरूका निम्ति मान्छे भएर बाँच्न पाउने त्यो नयाँ युगको बलियो विश्वास भएको एक जना परिद्रष्टाका रूपमा दुर्गालाल उभिइरहन्छन्।'

कवि एवं गीतकारका रूपमा उनको अतुलनीय योगदानको कदरस्वरूप राज्य र जनस्तरबाट उनलाई 'जनकवि'को सम्मानित उपाधिबाट विभूषित गरिएको थियो। साहित्य र वाङ्मय क्षेत्रको प्रतिष्ठित 'जगदम्बा- श्री पुरस्कार' लगायत दर्जनौं राष्ट्रिय तथा भाषिक सम्मान उनले प्राप्त गरेको पाइन्छ। यद्यपि, उनी आफैं भने सबैभन्दा ठूलो पुरस्कार आम पाठक र श्रोताले दिएको अगाध मायालाई मान्थे। उनी सधैं सत्ता, शक्ति र आडम्बरको केन्द्रभन्दा टाढा रहेर सादा जीवन बाँचे, सोही कारण उनी जनताको ढुकढुकीमा बाँचिरहे।

जनकवि श्रेष्ठका सिर्जनामा पाइने मानवता, प्रेम, प्रकृति र विद्रोहको दर्शनले आउने कैयौं पुस्तालाई मार्गदर्शन गरिरहनेछ। उनको निधनले नेपाली साहित्य आकाशको एउटा अत्यन्तै चम्किलो तारा निभेको छ, जसको पूर्ति सायदै कहिल्यै हुनेछ। तर, उनका शब्दहरू हाम्रा ओठमा गीत बनेर, बालबालिकाको तोतेबोलीमा कविता बनेर र न्यायप्रेमीहरूको आवाजमा नारा बनेर सधैं गुञ्जिरहनेछन्।

नेपाली माटोले एक सच्चा सुपुत्र र वाङ्मयले एक अथक साधक गुमाएको छ। अलबिदा, जनकवि!

## स्थानीय...

### प्रमुख प्रशासकीय अधिकृतको अस्थिरता

स्थानीय तहमा देखिएको अर्को ठूलो समस्या प्रमुख प्रशासकीय अधिकृतको सरुवा र व्यवस्थापन प्रक्रिया हो। प्रमुख प्रशासकीय अधिकृत पटक-पटक परिवर्तन हुँदा स्थानीय तहको प्रशासनिक काम प्रभावित हुने गरेको जनप्रतिनिधिहरू बताउँछन्।

हेटौंडा उपमहानगरपालिकामा २०७९ को स्थानीय तह निर्वाचनपछि छोटो अवधिमै धेरै प्रमुख प्रशासकीय अधिकृत परिवर्तन भएको जनप्रतिनिधिको गुनासो छ। उपमहानगर प्रमुख मीनाकुमारी लामाले आफ्नो कार्यकालमा पटक-पटक प्रमुख प्रशासकीय अधिकृत परिवर्तन हुँदा काममा समस्या भएको बताएकी छन्। 'मेरो ९ वर्षको कार्यकालमा ९ जनासँग काम गर्नुपर्‍यो। प्रमुख भएर आएपछि नै छ जना फेरिसके,' उनले भनिन्, 'एउटा प्रशासकीय अधिकृतका कारण प्रशासनिक काम अड्किरहने अवस्था आउने गरेको छ।' २०७४ को निर्वाचनमा लामा उपप्रमुख रहेकी थिइन्। उनका अनुसार स्थानीय तहलाई बुझ्ने र लामो समयसम्म काम गर्ने प्रमुख प्रशासकीय अधिकृत आवश्यक छ।

प्रमुख प्रशासकीय अधिकृत संघीय सरकारप्रति बढी उत्तरदायी हुने र स्थानीय जनप्रतिनिधिप्रति जवाफदेहिता कमजोर हुने गरेको गुनासो पनि छ। संघीय सरकारले खटाएका कर्मचारी स्थानीय सरकारको प्रशासन सञ्चालन गर्ने भए पनि उनीहरूको सरुवा र पदस्थापनमा स्थानीय तहको भूमिका सीमित छ। यस्तो समस्या नयाँ होइन। यसअघि पनि सयौं स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन भएका थिए। कतिपय ठाउँमा निमित्त प्रमुख प्रशासकीय अधिकृतका भरमा प्रशासन सञ्चालन गर्नुपरेको थियो।

जितपुरसिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेलले स्थानीय तहमा काम गर्दा प्रशासनिक संरचना र कर्मचारी व्यवस्थापन सबैभन्दा ठूलो व्यावहारिक समस्या देखिएको बताए। उनका अनुसार संघीय सरकारले खटाउने प्रमुख प्रशासकीय अधिकृतहरू स्थानीय सरकार र जनप्रतिनिधिप्रति भन्दा आफूलाई खटाउने संघप्रति बढी उत्तरदायी हुने गरेका छन्। यसले स्थानीय तहको विकास र सेवा प्रवाह प्रभावित हुने गरेको उनको भनाइ छ।

'स्थानीय तहले बुझ्ने प्रमुख प्रशासकीय अधिकृत हुनुपर्छ,' पौडेलले भने, 'संघीय मन्त्रालयबाट पठाइएका कर्मचारी स्थानीय सरकारभन्दा आफूलाई पठाउने मन्त्रालयप्रति बढी उत्तरदायी हुँदा समस्या हुन्छ।' उनका अनुसार प्रमुख प्रशासकीय अधिकृतले समयमै वडा सचिव तथा प्राविधिक कर्मचारी नखटाउँदा स्थानीय तहका महत्त्वपूर्ण काम रोकिने गरेको पनि जनप्रतिनिधिको गुनासो छ। विशेषगरी भूमि व्यवस्थापन, सुकुम्बासीसम्बन्धी प्रक्रिया तथा स्थानीय विकासका काम प्रभावित हुने गरेका छन्। 'काम रोकिएपछि त्यसको सबै दोष स्थानीय जनप्रतिनिधिमाथि थोपर्ने प्रवृत्ति छ,' उनले भने, 'राजनीतिक नेतृत्वबाटै प्रशासनिक नियन्त्रण संघमा सीमित राख्ने सोचले स्थानीय सरकारलाई काम गर्न मनोवैज्ञानिक र व्यावहारिक समस्या सिर्जना गरेको छ।'

सल्यानको शारदा नगरपालिकाका प्रमुख प्रकाश भण्डारीले प्रशासनिक अस्थिरता स्थानीय तहको साझा समस्या भएको बताए। निश्चित लयमा काम भइरहेको समयमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा हुँदा विकास निर्माणका काम प्रभावित हुने उनको भनाइ छ। उनले भने, 'कम्तीमा एउटा आर्थिक वर्षको बजेट कार्यान्वयन नसकिँदासम्म प्रमुख प्रशासकीय अधिकृत परिवर्तन नगर्ने नीति आवश्यक छ।'

### बजेट बाँडफाँटमा पनि विभेद

स्थानीय तहले संघीय सरकारबाट प्राप्त गर्ने बजेटमा समेत विभेद हुने गरेको जनप्रतिनिधिको गुनासो छ। पहुँच र राजनीतिक प्रभावका आधारमा बजेट बाँडफाँट हुने गरेको आरोप उनीहरूले लगाए। प्रधानमन्त्री, मन्त्रीदेखि पहुँचवाला जिल्ला, स्थानीय तहमा धेरै बजेट विनियोजन हुने गरेको छ।

वित्तीय समानीकरण अनुदानमा समेत समस्या रहेको उनीहरूको भनाइ छ। आर्थिक वर्षको बीचमा अनुदान कटौती हुँदा स्थानीय तहले तयार पारेका योजना कार्यान्वयनमा समस्या आउने गरेका छन्। शारदा नगरपालिका नगर प्रमुख भण्डारीको राज्यको बजेट बाँटफाटमा हुने विभेद समस्या परेको बताउँछन्। 'राज्यले पठाउने समानीकरण अनुदानको बजेटका आधारमा हामी नगरसभाबाट नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्छौं। तर, कार्यान्वयनको अन्तिम चरण अर्थात् तेस्रो वा चौथो किस्तामा पुगेपछि संघबाट अकस्मात् बजेट कटौती गरिन्छ। यो स्थानीय सरकारको अधिकारमाथिको नांगो हस्तक्षेप हो।'

संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय सन्तुलन तथा अन्तरसरकारी समन्वय कायम गर्नु संघीयता कार्यान्वयनको महत्त्वपूर्ण पक्ष भएको जनप्रतिनिधिहरू बताउँछन्। व्यवहारमा भने स्थानीय तहले प्रशासनिक, वित्तीय र राजनीतिक तीनै क्षेत्रमा संघीय हस्तक्षेपको अनुभूति गरिरहेका छन्।

## मुद्दा...

उक्त सम्पत्ति खरिद गर्न नेपाल टेलिकम र एनसेल सम्भावित बोलपत्रदाता हुन सक्ने अनुमान गर्दै एनसेल इच्छुक भए वार्ता अघि बढाउन सीईओलाई अख्तियारी दिइएको बैंकले स्पष्ट पारेको छ।

सरकारी प्रतिनिधिको रोहबरमा गोप्य शिलबन्दी बोलपत्र खोलिने भएकाले कसले कति प्रस्ताव गर्‍यो भन्ने जानकारी बैंकलाई पहिले नै नहुने हुँदा यसलाई मिलेमतो भन्न नमिल्ने बैंकको तर्क छ। सीमित कम्पनीले मात्र प्रयोग गर्न सक्ने दूरसञ्चार उपकरणका सम्भावित खरिदकर्ताको नाम उल्लेख हुनु आपराधिक मिलेमतो नभएको बैंकको भनाइ छ।

बैंकिङ कसुरको आरोप पनि अस्वीकार गर्दै एनआईएमबीले परियोजनामा आधारित कर्जामा मेसिनरी र उपकरणको मूल्यांकन तथा लिलाम प्रक्रिया फरक हुने बताएको छ। सम्पत्ति पछिल्लो बिमांक रकमभन्दा बढी मूल्यमा लिलाम गरिएको र यो सहवित्तीयकरण कर्जा भएकाले सहभागी सबै बैंकको निर्णयपछि मात्र प्रक्रिया अघि बढाइएको बैंकले जनाएको छ।

यसैबीच, स्मार्ट टेलिकम प्रकरणमा सीआईबीले सर्वेश जोशीलाई मे ४, बोलपत्रदातालाई ऋण दिने नरेन्द्र उलक र बोलपत्रदाता पलिना श्रेष्ठलाई मे ८ तथा एनआईएमबीका सीईओ ज्योति प्रकाश पाण्डेलाई मे १२ मा पक्राउ गर्‍यो। पाण्डे मे १५ मा रिहा भए। मार्केटिङ कन्सल्ट्यान्ट भास्कर नरसिंह जोशीविरुद्ध पक्राउ पुर्जी जारी भए पनि अदालतले म्याद थप गर्न अस्वीकार गरेपछि उनी सोही दिन रिहा भए।

हाल मुद्दासँग सम्बन्धित सबै आरोपी रिहा भइसकेका छन्। सीआईबीले २०८३ साउन १९ मा सञ्चालक समिति सदस्यका व्यक्तिगत र उनीहरूसँग सम्बन्धित कम्पनीका खाता रोक्का गरेकोमा साउन २१ मा व्यक्तिगत खातामात्र रोक्का राख्न राष्ट्र बैंकलाई पत्राचार गरेको थियो।

सञ्चालक समितिका सदस्यविरुद्ध पक्राउ पुर्जी जारी भएपछि बैंकले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको छ। नियामकको निर्देशन पालना गर्दै निक्षेपकर्ताको रकम सुरक्षित गर्न अघि बढाइएको कानुनी प्रक्रियालाई आपराधिक गतिविधिका रूपमा चित्रण गर्दा समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्ने बैंकले चेतावनी दिएको छ।

त्यसैगरी, प्रभु बैंकका पूर्वअध्यक्ष देवीप्रकाश भट्टचन र पूर्वसीईओ अशोक शेरचनलगायतका कर्मचारी जोडिएको बैंकिङ कसुरमा सीआईबीले कात्तिक २०८२ मा अनुसन्धान थालेको थियो। प्रभु बैंक र प्रभु मनी ट्रान्सफरबीचको कारोबार अनुसन्धान सकिएपछि सरकारी वकिलको कार्यालयले उच्च अदालतमा दायर गरेको मुद्दा विचाराधीन छ। साउन २०८२ मा राष्ट्र बैंकले विशेष निरीक्षण गर्दा कसुर नदेखेको कारोबारमा प्रहरी अनुसन्धानले कैफियत देखाएपछि मुद्दा चलेको हो।

यसअघि, विसं २०७६ मा सीआईबीले बैंक अफ काठमान्डू (बीओके)का तत्कालीन सीईओसहित ११ कर्मचारीलाई पक्राउ गरेको थियो। खोलाको बगर धितो राखेर ऋण दिएको भन्दै बैंकिङ कसुर र नक्कली कागजातको आरोपमा उच्च अदालतमा मुद्दा चलाइएकोमा तीन वर्षअघि ऋणी सुरेन्द्र श्रेष्ठ दोषी ठहर भए भने सीईओसहित १० कर्मचारीले सफाइ पाए।

अहिले बैंकका सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतहरू सीआईबीको पक्राउ पर्ने चिन्तामा छन्। यद्यपि, सीआईबीका प्र.ब.उ. तथा प्रवक्ता अनुपमशमशेर जबराले भने आर्थिक अपराधको आशंकामा मात्र अनुसन्धान गरिने बताएका छन्।

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले राष्ट्र बैंकसँग परामर्श र राय लिएर मात्र अघि बढेको भए कानुनसम्मत हुने बताएका छन्। सीआईबीले सिधै अनुसन्धान गर्दा बैंकिङ क्षेत्र असुरक्षित बनेको उनको तर्क छ। राष्ट्र बैंक नियामक निकाय भएकाले आफैं मुद्दा चलाउन नमिल्ने हुँदा सीआईबीमार्फत मुद्दा चलाउने गरिए पनि विदेशी विनिमय अपचलन र कर्जा दुरुपयोगजस्ता वित्तीय अपराधमा सीआईबीले अनुसन्धान गर्ने उनी बताउँछन्। क्षेत्री भन्छन्, 'निक्षेपकर्ताको पैसा सुरक्षा गर्नु बैंकको पहिलो दायित्व हो। यसमा सरकारले गरेको कामलाई राष्ट्र बैंकले विरोध गर्न सक्दैन र सीआईबीको अनुसन्धानलाई गलत पनि भनिरहेको छैन। वास्तवमा यस विषयमा राष्ट्र बैंक बोल्नुपर्ने हो।'

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) को दफा ५६ र ५७ ले धितोमा राखेको सम्पत्ति नउठे लिलाम बिक्री गरी ऋण उठाउने अधिकार बैंकलाई दिएको छ। दफा ५७ (१) बमोजिम ऋणीले सर्त पालना नगरे धितो लिलाम गरी साँवा-ब्याज असुल गर्न पाइने व्यवस्थालाई टेकेर सम्पत्ति लिलाम गरिएको बैंकहरूको तर्क छ। तर, सोही प्रक्रियामा सीआईबीले प्रश्न उठाइरहेको बैंकर्सहरूको भनाइ छ।

अर्कातिर, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १८ मा मुद्दा सरकारवादी हुने, दफा १९ मा प्रहरीले थुनामा राखी कारबाही गर्न वा विशेष टोली गठन गर्न सक्ने र दफा २० मा बैंकहरूले सहयोग गर्नुपर्ने व्यवस्था छ। यही कानुनी आधारमा टेकेर अहिले बैंकिङ कसुरका मुद्दाहरूमा अनुसन्धान भइरहेको छ।

## आजको राशिफल



ज्यो. पं. मुकेश काफ्ले

**मेष** — नयाँ कामको थालनी गर्नका लागि दिन अनुकूल रहनेछ। नयाँ कार्यमा सफलता मिल्ने सम्भावना छ। शुभ रंग: रातो शुभ अंक: ९

**वृष** — परिवार तथा आफन्तबाट सहयोग प्राप्त हुनेछ। महत्त्वपूर्ण काममा सफलता मिल्ने सम्भावना छ। शुभ रंग: सेतो शुभ अंक: ६

**मिथुन** — पद, जिम्मेवारी तथा कामको चाप बढ्न सक्छ। बोलीमा संयम अपनाउँदा सम्बन्ध राम्रो रहनेछ। शुभ रंग: हरियो शुभ अंक: ५

**कर्कट** — व्यापार-व्यवसाय तथा आर्थिक क्षेत्रमा राम्रो प्रगति हुनेछ। नयाँ अवसर प्राप्त हुन सक्छ। शुभ रंग: सेतो शुभ अंक: २

**सिंह** — अहंकारबाट टाढा रहनुहोस्। वरिष्ठ तथा अनुभवी व्यक्तिको सल्लाह लाभदायी हुनेछ। शुभ रंग: रातो शुभ अंक: १

**कन्या** — नयाँ काम वा योजना सुरु गर्न अनुकूल दिन रहेको छ। खर्चमा नियन्त्रण राख्नु राम्रो हुनेछ। शुभ रंग: हरियो शुभ अंक: ५

**तुला** — साथीभाइ तथा सहकर्मीबाट सहयोग प्राप्त हुनेछ। सहकार्यबाट राम्रो परिणाम प्राप्त हुनेछ । शुभ रंग: सेतो शुभ अंक: ६

**वृश्चिक** — झंझटहरू समाधान हुनेछन्। आर्थिक लाभ प्राप्त हुन सक्छ। परिवारमा खुसीको वातावरण सिर्जना गर्नेछ। शुभ रंग: गाढा रातो शुभ अंक: ९

**धनु** — यात्राको योग बनेको छ। नयाँ सम्पर्क तथा नयाँ मित्रबाट सहयोग वा लाभ प्राप्त हुन सक्छ। शुभ रंग: पहेँलो शुभ अंक: ३

**मकर** — मेहनतअनुसार राम्रो परिणाम प्राप्त हुनेछ। जिम्मेवारी बढ्न सक्छ र पदोन्नतिको सम्भावना पनि देखिन्छ। शुभ रंग: नीलो शुभ अंक: ८

**कुम्भ** — नयाँ अवसरहरू प्राप्त तथा पारिवारिक वातावरण सुखद रहनेछ। महत्वपूर्ण काममा परिवारको साथ मिल्नेछ। शुभ रंग: नीलो शुभ अंक: ४

**मीन** — पुराना तथा रोकिएका कामहरू बन्नेछन्। आत्मविश्वास र उत्साह बढ्नेछ। शुभ रंग: पहेँलो शुभ अंक: ७

सुनचाँदीको भाउ

छापावाल सुन : ३,०६,८००
चाँदी : ४७७०
(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

| मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | १ | १५२.३९ | १५२.९९ |
| युरो | १ | १७६.२८ | १७६.९७ |
| पाउन्ड स्टर्लिङ | १ | २०६.२३ | २०७.०४ |
| भारतीय रुपैयाँ | १०० | १६० | १६०.१५ |

# सरकार र वैदेशिक रोजगार व्यवसायीबीच सहमति

## आन्दोलनका सबै कार्यक्रम स्थगित

- व्यवसायीका सम्पूर्ण मागलाई सरकारले सकारात्मक रूपमा ग्रहण गर्दै विभागीय समस्याहरू तत्काल सुधार गर्न मन्त्रालयबाट विभागलाई आवश्यक निर्देशन दिने तथा नीतिगत सुधारका लागि आवश्यक ऐन तथा नियमावली संशोधनको प्रक्रिया दुई महिनाभित्र पूरा गर्ने सहमति

**अजवी पौडयाल** | *काठमाडौं*






केही दिनदेखि कामकारबाही ठप्प पारेर आन्दोलनमा उत्रिएका वैदेशिक रोजगार व्यवसायीहरूले आन्दोलन स्थगित गरेका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सोमबार भएको छलफलपछि आन्दोलनका कार्यक्रम तत्काललाई फिर्ता गरिएको हो।

श्रममन्त्री रामजी यादव, श्रम मन्त्रालयका सचिवलगायतको उपस्थितिमा वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारीबीच तीन घण्टा लामो छलफल भएको थियो। संघका महासचिव हिराबहादुर डाँगीले सोमबार एक विज्ञप्ति जारी गर्दै आन्दोलन स्थगित भएको बताए। उनका अनुसार सोमबार भएको वार्ता तथा छलफलमा संघले उठाएका विभागीय तथा नीतिगत समस्याहरूमा विस्तृत रूपमा छलफल भएको थियो। वार्तामा व्यवसायीका सम्पूर्ण मागहरूलाई सरकारले सकारात्मक रूपमा ग्रहण गर्दै विभागीय समस्याहरू तत्काल सुधार गर्न मन्त्रालयबाट विभागलाई आवश्यक निर्देशन दिने तथा नीतिगत सुधारका लागि आवश्यक ऐन तथा नियमावली संशोधनको प्रक्रिया दुई महिनाभित्र पूरा गर्ने सहमति भएको छ।

सरकारबाट प्राप्त सकारात्मक प्रतिबद्धतालाई ध्यानमा राख्दै संघले हाल सञ्चालनमा रहेका सम्पूर्ण संघर्षका कार्यक्रमहरू हाललाई स्थगित गर्ने निर्णय गरेको छ। इजाजतपत्रवाला संस्थाहरूले आ-आफ्ना मुख्य तथा शाखा कार्यालयहरू नियमित रूपमा सञ्चालन गरी वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण काम-कारोबार तथा श्रमिकहरूको उडानसमेत नियमित रूपमा सुचारु गर्न संघले अनुरोध गरेको छ।

संघका उपाध्यक्ष महेशकुमार बस्नेतका अनुसार, आगामी दुई महिनाको अवधिमा सरकारको प्रतिबद्धताअनुसार विभागीय सुधार, नीतिगत निर्णय तथा ऐन र नियमावली संशोधनको प्रगति ख्याल गरिनेछ।

निश्चित समयभित्र उपलब्धि हासिल नभएमा व्यवसायीले पुन: संघर्षका कार्यक्रम अगाडि बढाउने बताएका छन्। 'मन्त्रीस्तरीय छलफलका क्रममा व्यवसायीले राखेका १५ बुँदे मागहरूमा एक-एक गरी छलफल भएको थियो,' उनले भने, 'सरकार लागत शुल्क निर्धारण गर्न, ऐन संशोधन गर्न तथा अन्य मागहरू सम्बोधन गर्न तयार छ।'




# सेयर बजारमा नेप्से सामान्य घट्यो, कारोबार भने बढ्यो

**अन्नपूर्ण** | *काठमाडौं*




साताको पहिलो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक सामान्य अंकले घटेर बन्द भएको छ। नेप्से परिसूचक २.०१ अंकले घटेर २६४१.८२ विन्दुमा अड्किएको हो।

सोमबार ३ सय ५० वटा स्क्रिप्सको खरिदबिक्री भयो। यसदिन १ करोड १९ लाख ३२ हजार ३५ कित्ता सेयर ५ अर्ब ५२ करोड ५५ लाख ११ हजार रुपैयाँमा कारोबार भएको थियो।

कारोबारमा आएका २ सय ७८ मध्ये ७२ वटा स्टक्समा ७२ वटाको घट्यो भने २ सय १ वटाको घट्यो। एभरेस्ट बैंक, सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी, सानीमा बैंकलगायत ५ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो। सोमबार दुई कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो। सर्वोत्तम पेन्ट्स इन्डस्ट्रिज र माउन्ट एभरेस्ट पावर डेभलपमेन्टको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो।

रिलायन्स स्पिनिङ्स मिल्स र सगरमाथा जलविद्युत् कम्पनीको सेयर ११ प्रतिशत, लक्ष्मी उन्नति कोषको ८.१६ प्रतिशतले बढ्यो। यसदिन १ अर्ब ३८ करोड रुपैयाँबराबरको सेयर कारोबार गरी रिलायन्स स्पिनिङ्स मिल्स शीर्षस्थानमा रह्यो।

सोलु हाइड्रोपावरको ३८ करोड ४४ लाख ९३ हजार, रिडी पावरले १६ करोड ४१ लाख ९३ हजार, खानीखोला हाइड्रोपावरले १५ करोड ४१ लाख ३ हजार र विकास हाइड्रोपावरले १२ करोड १६ लाख ७२ हजार रुपैयाँबराबरको सेयर कारोबार भयो।

सोमबार पाँचवटा समूहको उपसूचक बढ्यो भने बाँकी ८ वटा समूहको उपसूचक नकारात्मक देखिए। हाइड्रोपावर, म्यानुफ्याक्चरिङ एन्ड प्रोसेसिङ, म्युचुअल फन्ड, अदर्श र ट्रेडिङ समूहको उपसूचकको बढेको हो।

## करदाता प्रोत्साहन पुरस्कार

# २५० को बल्ब किनेका जोशीले पाए १० लाख पुरस्कार



**काठमाडौं** (अन्नपूर्ण) : धनगढीका हेमराज जोशीले साउन महिनाको पाक्षिक बम्पर पुरस्कार जितेका छन्।

उनले २ सय ५० रुपैयाँको बिजुलीको बल्ब किन्दा १० लाख राशिको उपहार पाएका हुन्। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले करदाता प्रोत्साहन पुरस्कारअन्तर्गत साउन महिनाको पहिलो पाक्षिकका बम्पर उपहार र एक लाख रुपैयाँ विजेता दुई जनालाई पुरस्कार रकम हस्तान्तरण गरेका छन्।

सोमबार मन्त्रालयमा आयोजित साउन महिनाको दोस्रो पाक्षिक करदाता प्रोत्साहन पुरस्कार घोषणा कार्यक्रममा उनले विजेताहरूलाई पुरस्कार रकम प्रदान गरेका हुन्। धनगढीका जोशीलाई अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १० लाख रुपैयाँको चेक हस्तान्तरण गरे। सो क्रममा अर्थमन्त्री डा. वाग्लेले विजेता जोशीलाई सरकारको करदाता प्रोत्साहन पुरस्कारको दूत बन्न आग्रह गरे। साथै, उनले पुरस्कारको रकम राम्रो काममा लगानी गर्न आग्रह गरे।

'हेमराजजी, बधाई छ। तपाईं पहिलो बम्पर उपहार विजेता हुनुहुन्छ। तपाईं सरकारको यो कार्यक्रमको दूत बन्नुहोस्, सरकारले अघि बढाएको 'बिल दिनुपर्छ र लिनुपर्छ' भन्ने कुरा समाजमा फैलाउनुहोस्,' अर्थमन्त्री डा. वाग्लेले भने। यस्तै, १ लाख ३३ हजार रुपैयाँ विजेता गैंडाकोट, नवलपरासीका हिमाल अर्याललाई पनि अर्थमन्त्री डा. वाग्लेद्वारा पुरस्कार हस्तान्तरण गरियो। उनले साथीहरूसँग आइसक्रिम खाँदा तिरेको कारोबारमा पुरस्कार जितेका हुन्। पुरस्कार रकमबाट २५ प्रतिशत करकट्टी भएपछि उनले एक लाख रुपैयाँ नगद उपहार पाए।

पहिलो १५ दिनको अन्य विजेताहरूलाई यसै साता आन्तरिक राजस्व कार्यालयबाट नगद पुरस्कार प्रदान गरिने विभागले जनाएको छ।

# संकटमा लाङटाङको चिज कारखाना

**हेमनाथ खतिवडा** | *रसुवा*



नेपालकै जेठो र ऐतिहासिक पहिचान बोकेको रसुवाको चिज उद्योग दूध उत्पादन घटेपछि संकटमा परेको छ। सात दशकअघि स्थापना भएको रसुवाको चिज उत्पादन क्षेत्रमा पछिल्लो समय अनेकौं चुनौतीहरू थपिँदै छन्। दुग्ध विकास संस्थानअन्तर्गत रसुवाका पाँच उच्च हिमाली क्षेत्रहरू धुन्चे, चन्दनबारी, लाङटाङ, तातोपानी र गत्लाङमा यस वर्ष पनि वैशाखदेखि कात्तिक मसान्तसम्मका लागि चिज उत्पादन सुरु भइसकेको छ।

पौष्टिक तथा औषधियुक्त घाँस पलाउने मौसम सुरु भएसँगै यी केन्द्रहरू पूर्ण क्षमतामा सञ्चालन भइरहेका छन्। हालसम्म पाँचवटै केन्द्रबाट १६ सय केजीभन्दा बढी चिज र एक हजार केजी मक्खन उत्पादन भइसकेको छ। उत्पादित चिज काठमाडौंस्थित लैनचौर केन्द्रीय भण्डारमा पठाउने तयारी भइरहेको छ। संस्थानले चिजको मूल्य प्रतिकेजी १ हजार ९ सय र बटर (मक्खन) प्रतिकेजी १ हजार १ सय ५० निर्धारण गरेको छ। तर नेपालकै जेठो मानिने लाङटाङ चिज उत्पादन केन्द्र भने यस वर्ष विविध कारणले ढिलो गरी एक साताअघि मात्र सञ्चालनमा आएको छ।

स्विस सरकारको सहयोगमा २००९ सालमा नेपालमै पहिलोपटक रसुवामा चिज उद्योगको स्थापना भएको थियो। २०१० सालमा क्यान्जिङ विमानस्थलमा चिज बोक्नका लागि हवाईजहाजसमेत आएको स्थानीय कर्म लामाले बताए। त्यसपछि स्थानीय बासिन्दाले चौंरीपालनलाई व्यावसायिक रूपमा अँगाल्दै आएका थिए। पछिल्ला वर्षहरूमा पर्यटन व्यवसायको विस्तारसँगै चौंरीपालक किसानहरू होटल तथा लज सञ्चालनतर्फ आकर्षित भएपछि चौंरीपालक कृषक

- युवा पुस्ता वैदेशिक रोजगारीतर्फ पलायन हुनु, पुराना चौंरीपालक किसानहरूको उमेर ढल्किँदै जानु, दूधको उत्पादन निरन्तर घट्दै जानुले कारखाना सञ्चालन गर्न मुस्किल

अभावले चिज उद्योगहरूमा दूधको अभाव हुन थालेको हो। दिनहुँ युवा पुस्ता वैदेशिक रोजगारीतर्फ पलायन हुनु, पुराना चौंरीपालक किसानहरूको उमेर ढल्किँदै जानु, दूधको उत्पादन निरन्तर घट्दै जानुले केन्द्र सञ्चालन गर्न निकै मुस्किल परेको चन्दनबारी चिज उत्पादन केन्द्रका प्रमुख सुभाष राई बताउँछन्।

चन्दनबारी तथा अन्य चिज केन्द्रहरू सीमित दूध संकलनकै भरमा सञ्चालन भइरहेका छन्। अर्कोतर्फ, दूध विकास संस्थानले पहिले किसानहरूलाई उपलब्ध गराउँदै आएको छाता, बाल्टिन र गमबुटजस्ता किसानलाई प्रेरित गर्ने सामग्रीमा कटौती गरेकोले पनि असर परेको किसानहरू बताउँछन्।

विनाशकारी भूकम्पका कारण यहाँ ६ सयभन्दा बढी चौंरी मरेपछि यहाँ चौंरीपालक कृषकहरू घटेका थिए। 'विस्तारै बर्सेनि चौंरी पाल्ने घट्दै गएको घाँसका अभाव हुँदै गएकोले स्थानीय कृषक चौंरीपालन छाडेर होटल व्यवसायतर्फ लाग्न थालेका छन्। खर्क टाढा छ खर्कमा घाँस पनि अभाव हुने वर्षात्मा खर्कबाट दूध तार्न सकस हुन्छ,' कृषक लाक्पा लामा बताउँछन्।

यहाँ उत्पादन हुने चिज र बटरलाई बजार अभाव हुने थिएन। यहाँ आउने स्वदेशी तथा विदेशी पर्यटकले मन पराउने हुनाले स्थानीय बजारमै सबै खपत हुन्थ्यो अब बन्द हुने अवस्थामा पुग्यो लामाले भने।

चौंरीपालक किसानलाई राज्यले उचित राहत र प्रोत्साहन नदिए विश्वमै प्रसिद्ध लाङटाङ चिज इतिहासमा मात्र सीमित हुने जोखिम बढेको छ। लाङटाङमा बर्सेनि दूध उत्पादन घटेको छ। अहिले चौंरीपालक किसान दुई जना मात्र रहेका छन्। गत वर्ष पाँच जना थिए। यो क्रम अहिले घट्दो छ। स्थानीय चिज उत्पादन केन्द्रका प्रमुख ग्याल्बो लामाले भने– 'भूकम्पअघि यहाँ ३३ जना किसानले झन्डै ३ सय ५० जति चौंरी पालेका थिए।' लाङटाङमा दूध उत्पादन घटेपछि लामालाई अहिले दुग्ध विकास संस्थानले धुन्चेस्थित पाङ्ले खर्क चिज उत्पादन केन्द्रमा पठाएको छ।

# वायुसेवा निगमका कर्मचारी पक्राउ

**काठमाडौं** (अन्नपूर्ण) : मापदण्डले तोकेभन्दा धेरै अमेरिकी डलर बोकेर मलेसिया उड्न लागेका वायुसेवा निगमका कर्मचारी पक्राउ परेका छन्। उनीहरूलाई सुरक्षा चेकजाँचको क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय प्रस्थान ह्यान्ड ब्यागेज चेकिङ एरियाबाट विदेशी मुद्रासहित पक्राउ गरिएको हो।

आइतबार राति नेपालबाट क्वालालम्पुर जान लागेका उनीहरूले मापदण्डविपरीत अमेरिकी डलर बोकेका थिए।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२६ गोंगबु बस्ने ५४ वर्षीया जननी वज्राचार्य र गोरखा नगरपालिका-३ बस्ने ३५ वर्षीया ममता पाण्डे रहेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट खटिएको प्रहरीले नेपाल एयरलाइन्सको उडानद्वारा काठमाडौंबाट क्वालालम्पुर जान लागेका उनीहरूलाई जाँच गर्ने क्रममा जननीको साथबाट अमेरिकी डलर ४ हजार ३ सय र मलेसियन रिंगिट १२ हजार ३ सय ७२ तथा ममताको साथबाट अमेरिकी डलर ४ हजार २ सय र मलेसियन रिंगिट १२ हजार ३ सय २८ फेला पारी दुवै जनालाई पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान एवम् कानुनी कारबाहीका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुर पठाइएको छ।

# सानिमा रिलायन्स लाइफको क्लब अचिभर्स इभेन्ट सम्पन्न



**काठमाडौं** (अन्नपूर्ण) : सानिमा रिलायन्स लाईफ इन्स्योरेन्सले 'क्लब अचिभर्स इभेन्ट २०८३' सम्पन्न गरेको छ।

ललितपुरको होटल रोयल टुलिपमा आयोजित कार्यक्रम देशभरका शाखा तथा उपशाखा कार्यालयमा आबद्ध भई 'क्लब योजना'मा सफल बिमा सल्लाहकारको सम्मान तथा प्रोत्साहनका लागि लक्षित गरिएको थियो। उक्त कार्यक्रममा सञ्चालक समितिका अध्यक्ष रतनलाल केडिया, सञ्चालक भरतकुमार तोदी र केशवराज केसी, प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेलगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत पाण्डेले कम्पनीको मेरुदण्डका रूपमा रहेका बिमा सल्लाहकारहरूलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू भविष्यमा पनि ल्याउने बताए।

कम्पनीले आव ०८२/८३ को अभिकर्ता प्रोत्साहन योजनाअन्तर्गत गोधूलि क्लब, पृथ्वी क्लब, अग्नी क्लब, आकाश क्लब, ग्यालेक्सी र कसमस क्लबका योजनाहरू प्रस्तुत गरेको छ। इन्स्योरेन्सले देशभर १ सय ६९ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको छ।

# 'नाडा अटो शो' भदौ ९ देखि

**काठमाडौं** (अन्नपूर्ण) : नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले आफ्नो ५०औं वार्षिकोत्सवको अवसर पारेर 'नाडा अटो शो २०२६' को १८ औं संस्करणलाई 'स्वर्ण उत्सव'का रूपमा मनाउने भएको छ। राजधानीको भृकुटीमण्डपस्थित प्रदर्शनीस्थलमा आगामी भदौ ९ देखि १४ गतेसम्म सञ्चालन हुने यस ६ दिने मेलाको शीर्ष प्रायोजक एचपी लुब्रिकेन्ट्स् रहेको छ।




करिब तीन लाख वर्गफुट क्षेत्रफलमा फैलिने यस प्रदर्शनीमा साना-ठूला गरी दुई सयभन्दा बढी स्टलहरू रहनेछन्। मेलामा विभिन्न २३ ब्रान्डका पेसेन्जर कार, १७ ब्रान्डका हलुका व्यावसायिक सवारी, १३ ब्रान्डका दुईपांग्रेका साथै वित्तीय संस्था, बिमा, टायर, लुब्रिकेन्ट्स र अटो पार्टपुर्जाका ७० भन्दा बढी स्टलहरू समावेश हुनेछन्। स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले यसपटक 'मेड इन नेपाल/मेड फर नेपाल प्याभिलियन'को समेत विशेष व्यवस्था गरिएको छ। यस पटकको शोमा भविष्यको यातायात प्रविधिलाई प्रस्तुत गर्ने 'जी१ ह्युमनोइड' र 'जिओ२ क्वाड्रुपेड' रोबोटको प्रदर्शनी मुख्य आकर्षण बन्नेछ। नयाँ सवारीसाधनहरूको लन्चिङ, स्मार्ट मोबिलिटी सिम्पोजियम र 'खल्ती' एपमार्फत टिकट काट्दा ५० प्रतिशतसम्म क्यासब्याकको व्यवस्था मिलाइएको छ।

व्यवस्थित अवलोकनका लागि छुट्टाछुट्टै जोनिङ, नेपाल पुलिस क्लब तथा नेसनल ट्रेडिङमा पार्किङ, ट्राफिक सूचना डेस्क र ह्विलचेयर सुविधा उपलब्ध गराइने आयोजकले जनाएको छ। मेलालाई करिब दुई लाख दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ।

**Vacancy**

1. **Ultralight Pilots: 04**
   **Qualification and Experience:** Must have valid UPL licence and minimum experience of 150 hrs flight hours.
2. **Ultralight engineer / Technician: – 02**
   **Qualification and Experience:** Must have valid training certificate in Ultralight aircraft maintenance with working experience of three years in related field. Aircraft technician for AEROPRAKT A22 with ROTAX 912 engine.
3. **Paragliding tandem pilots: 06.**
   **Qualification and Experience:** Tandem flying hours: 300 hrs. Experience of winch towing flights.

**All interested Nepal Citizen fulfilling above requirements may send their CV, a copy of Licence, a copy of Citizenship, a copy of Log book to the email: info.aviaclubnepal@gmail.com**

AviaClub Nepal
Get High With Us *Since 1996
**P.O. BOX 13680**



## रोड्रीले रोजे बार्सिलोना

बार्सिलोनाले म्यानचेस्टर सिटीका स्पेनिस मिडफिल्डर रोड्रीलाई भित्र्याउन सहमति जनाएको छ। बार्सिलोनाले उनको अनुभव र खेल कौशलबाट मध्यपंक्ति बलियो बनाउन रोड्रीसँग सम्झौता गरेको हो।



# रंगशाला






# ‘यो मेरो अन्तिम वर्ष हो’

**एजेन्सी** | *लिस्बन*

विश्व फुटबलका सर्वाधिक चर्चित तथा सफल खेलाडीमध्येका एक क्रिस्टियानो रोनाल्डोले आफ्नो लामो व्यावसायिक फुटबल करियरको अन्त्य नजिकिएको बताएका छन्। पोर्चुगलका कप्तान तथा साउदी क्लब अल नासरका स्टार रोनाल्डोले आगामी सिजन आफ्नो खेलाडी जीवनको सम्भावित अन्तिम वर्ष हुन सक्ने बताएका हुन्। ४१ वर्षीय रोनाल्डोको यस्तो अभिव्यक्तिपछि विश्वभरका फुटबल समर्थकमाझ उनको सन्न्यासबारेको चर्चा तीव्र भएको छ।

हालै भोगसँग गरेको अन्तर्वार्तामा रोनाल्डोले आफ्नो भविष्यबारे खुलेर कुरा गर्दै भनेका छन् यो सम्भवत: फुटबल खेलाडीका रूपमा उनको अन्तिम वर्ष हुनेछ। उनले आफूले खेलाडी जीवनबाट एउटा ‘सानदार विरासत’ छाड्न चाहेको पनि बताएका छन्। यद्यपि उनले सन्न्यासको निश्चित मिति भने घोषणा गरेका छैनन्। त्यसैले उनको पछिल्लो अभिव्यक्तिलाई औपचारिक सन्न्यास घोषणा नभई करियरको अन्तिम चरणबारे दिएको स्पष्ट संकेतका रूपमा लिइएको छ।

रोनाल्डोले सन् २००२ मा पोर्चुगलको स्पोर्टिङ क्लबबाट सिनियर फुटबल करियर सुरु गरेका थिए। त्यसपछि उनको यात्रा म्यानचेस्टर युनाइटेड, रियल म्याड्रिड, युभेन्टस हुँदै साउदी अरबको अल नासरसम्म पुगेको हो। करिब २५ वर्षको यो यात्रामा उनले क्लब तथा राष्ट्रिय टोलीबाट विश्व फुटबलमा असाधारण प्रभाव छाडेका छन्। म्यानचेस्टर युनाइटेडमा उनले पहिलोपटक विश्वस्तरको स्टारका रूपमा आफूलाई स्थापित गरेका थिए। त्यसपछि रियल म्याड्रिडमा पुगेपछि उनको करियरले अझ ठूलो उचाइ हासिल गर्‍यो। स्पेनिस क्लबका लागि उनले गोलमाथि गोल गर्दै क्लब इतिहासकै महान् खेलाडीमध्येमा आफ्नो नाम लेखाए। युभेन्टसमा पनि उनले इटालियन फुटबलमा आफ्नो प्रभाव कायम राखे। हाल भने उनी अल नासरबाट साउदी प्रो लिगमा खेलिरहेका छन्।

रोनाल्डोले आफ्नो करियरमा पाँचपटक बालोन डी'ओर जितेका छन्। क्लब र देशका लागि उनको गोल संख्या ९५० भन्दा माथि पुगिसकेको छ र उनी एक हजार गोलको ऐतिहासिक आँकडा नजिक पनि छन्। यही कारण उनको सम्भावित सन्न्याससँगै उनले करियरको अन्त्यअघि उक्त ऐतिहासिक उपलब्धि हासिल गर्न सक्छन् कि सक्दैनन् भन्ने विषय पनि निकै चर्चामा छ।

**विश्वकप पनि बन्यो अन्तिम अध्याय**

रोनाल्डोको अन्तर्राष्ट्रिय करियरको एउटा महत्वपूर्ण अध्याय पनि २०२६ को विश्वकपसँगै समाप्त भएको छ। उनले यसअघि नै २०२६ को विश्वकप आफ्नो अन्तिम विश्वकप हुने स्पष्ट बताइसकेका छन्। यससँगै पोर्चुगलको राष्ट्रिय टोलीमा उनको भविष्यबारे पनि प्रश्न उठ्दै आएको छ। विश्वकपमा पोर्चुगलले अपेक्षित सफलता हासिल गर्न नसकेपछि रोनाल्डोको अन्तर्राष्ट्रिय यात्रामाथि थप बहस भएको थियो। लामो समयदेखि पोर्चुगलको आक्रमणको मुख्य हतियार रहेका रोनाल्डोले राष्ट्रिय टोलीका लागि पनि थुप्रै ऐतिहासिक कीर्तिमान बनाएका छन्। अब क्लब फुटबलबाट पनि बिदा लिने सम्भावना बढेपछि उनको करियरको अन्तिम अध्याय सुरु भएको बताइन्छ।

**सन्न्यासपछि के गर्नेछन् रोनाल्डो ?**

फुटबलपछि आफ्नो जीवन कसरी बिताउने भन्ने विषयमा पनि रोनाल्डोले तयारी गरिसकेको बताएका छन्। उनका अनुसार उनले भविष्यका लागि योजना बनाइसकेका छन् र फुटबलबाट टाढिएपछि आफूलाई व्यस्त राख्ने थुप्रै काम उनले गर्ने छन्। उनले यात्रा गर्ने, परिवारसँग बढी समय बिताउने तथा आफूलाई मन पर्ने प्याडेल खेल्ने र हेर्ने योजना सुनाएका छन्। रोनाल्डोका लागि फुटबल केवल पेशा नभएर जीवनको ठूलो हिस्सा भएकाले सन्न्यासपछि आउने खालीपनलाई विभिन्न गतिविधिबाट पूर्ति गर्ने उनले बताएका छन्।

यो अभिव्यक्तिले रोनाल्डोले खेलाडी जीवनपछि आफ्नो व्यक्तिगत तथा व्यावसायिक जीवनका लागि पनि तयारी गरिरहेको देखाउँछ। पछिल्ला वर्षमा उनले फुटबलसँगै विभिन्न व्यवसाय तथा ब्रान्डमा समेत आफ्नो उपस्थिति विस्तार गरेका छन्।

**एक हजार गोलको लक्ष्य**

रोनाल्डोको सन्न्यासको चर्चासँगै अहिले सबैभन्दा धेरै चर्चा भइरहेको विषय उनको १,००० करियर गोलको लक्ष्य हो। उनी यो ऐतिहासिक उपलब्धिको निकै नजिक छन्। ९७६ गोल गरिसकेका रोनाल्डोका लागि अब बाँकी गोल पूरा गर्नु खेलाडी यात्राको महत्वपूर्ण लक्ष्य हो। विश्व फुटबलमा एक हजार गोलको आँकडा अत्यन्तै दुर्लभ उपलब्धि हुनेछ। त्यसैले सन्न्यासअघि रोनाल्डोले उक्त लक्ष्य पूरा गर्न सक्ने अपेक्षा उनका समर्थकहरूले गरेका छन्। उनले यसअघि पनि आफ्नो करियरमा व्यक्तिगत कीर्तिमानलाई निरन्तर पछ्याउँदै आएका छन्।

**‘सानदार विरासत’ छाड्ने चाहना**

रोनाल्डोको पछिल्लो अभिव्यक्तिको सबैभन्दा महत्वपूर्ण पक्ष उनको विरासतप्रतिको धारणा हो। उनले फुटबलबाट बिदा हुँदा एउटा ‘सानदार विरासत’ छाड्न चाहेको बताएका छन्। करिब २५ वर्षसम्म विश्व फुटबलको शीर्ष तहमा निरन्तर प्रदर्शन गर्नु आफैँमा असाधारण उपलब्धि हो। उनको करियरमा च्याम्पियन्स लिगका उपाधि, घरेलु लिग उपाधि, व्यक्तिगत पुरस्कार, अन्तर्राष्ट्रिय सफलता तथा असंख्य गोल समावेश छन्। पोर्चुगललाई युरोपियन च्याम्पियनसिप जिताउन उनले खेलेको भूमिका उनको राष्ट्रिय टोलीको करियरको सबैभन्दा ठूलो उपलब्धिमध्ये एक हो।

त्यसैले रोनाल्डोको सन्न्यासले एउटा खेलाडीको करियर मात्र अन्त्य गर्ने छैन, बरु आधुनिक फुटबलको एउटा लामो र प्रभावशाली युगको अन्त्य गर्नेछ।

रोनाल्डोले ‘सम्भवत: यो मेरो अन्तिम वर्ष हो’ भने पनि उनले तत्कालै सन्न्यासको औपचारिक घोषणा गरेका छैनन्। उनको भाषा अझै केही हदसम्म सम्भावनामा आधारित छ। त्यसैले आगामी महिनामा उनको प्रदर्शन, शारीरिक अवस्था, अल नासरसँगको सम्बन्ध तथा व्यक्तिगत निर्णयका आधारमा अन्तिम निर्णय परिवर्तन हुन सक्ने सम्भावना रहेको छ। हालका लागि भने विश्व फुटबलले एउटा सम्भावित बिदाइको तयारी गर्नुपर्ने अवस्था आएको छ। ४१ वर्षको उमेरमा पनि विश्वकै चर्चित खेलाडीमध्ये एकका रूपमा मैदानमा सक्रिय रहेका रोनाल्डोले यदि आगामी सिजनपछि बुट थन्क्याए भने उनको २५ वर्ष लामो यात्रालाई फुटबल इतिहासकै सबैभन्दा उल्लेखनीय करियरमध्ये एकका रूपमा सम्झिइनेछ।

‘सीआर७’ का लागि मैदानमा अन्तिम सिजन कस्तो हुनेछ भन्ने उत्सुकता अब विश्वभरका फुटबल समर्थकमा छ। एक हजार गोलको लक्ष्य, अल नासरसँगको सम्भावित सफलता र आफ्नो अन्तिम खेल–यी सबै अब रोनाल्डोको करियरको सम्भावित अन्तिम अध्यायका प्रमुख आकर्षण बन्नेछन्।

## कुगेलेन सुदूरपश्चिम रोयल्समै



**अन्नपूर्ण** | *काठमाडौं*

न्युजिल्यान्डका तीव्र गतिका बलर स्कट कुगेलेनले सुदूरपश्चिम रोयल्सबाटै तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) खेल्ने भएका छन्। ३४ वर्षीय कुगेलेनले लगातार तेस्रो वर्ष सुदूरपश्चिम रोयल्सबाट एनपीएल खेल्न लागेका हुन्।

सुदूरपश्चिम रोयल्सले विज्ञप्ति जारी गर्दै कुगेलेनलाई टोलीमा अनुबन्ध गरेको जनाएको छ। सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले कुगेलेनलाई टोलीमा स्वागत गर्न पाउँदा खुसी लागेको बताए। ‘उनीबाट यसपटक पनि पहिलो र दोस्रो संस्करणको जस्तै योगदानको अपेक्षा राखेका छौं। पहिलो उपाधि जिताउन उनको भूमिका महत्वपूर्ण हुनेछ भन्ने विश्वास लिएका छौं’, प्रमुख कार्यकारी अधिकृत खड्काले भने।

कुगेलेनले एनपीएलको पहिलो संस्करणमा नौ खेलमा १७ विकेट लिएर सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा संयुक्त रूपमा शीर्ष स्थानमा रहेका थिए। दोस्रो संस्करणमा उनले नौ खेलमा १० विकेट लिएका थिए। सुदूरपश्चिमले आगामी कात्तिक ९ गतेदेखि सुरु हुने तेस्रो संस्करणको एनपीएलका लागि दोस्रो विदेशी खेलाडीका रुपमा कुगेलेनलाई अनुबन्ध गरेको हो। यसअघि सुदूरपश्चिमले इङ्ल्यान्डका सेफ जैबलाई अनुबन्ध गरेको थियो।

तेस्रो संस्करणका लागि सुदूरपश्चिमले कप्तान दीपेन्द्रसिंह ऐरीसहित विनोद भण्डारी, आरिफ शेख, इशान पाण्डे, अभिनाश बोहरा, हेमन्त धामी र हिक्मत महरालाई टोलीमा यथावत राखेको थियो भने अक्सनबाट दीपक बोहरा, मिलन बोहरा, टेक रावत, अनिल खरेल, सचिन भट्ट र आयुव चन्दलाई अनुबन्ध गरेको थियो।

### २०औं एसियाली खेलकुद

# पदकमा ‘एकतामा विविधता’को सन्देश

**एजेन्सी** | *नागोया*

जापानको आइची-नागोयामा आयोजना हुने २०औं एसियाली खेलकुदका लागि तयार गरिएको पदकले एसियाली राष्ट्रबीचको एकता, विविधता र खेलमार्फत पुनः एकताबद्ध हुने भावनालाई प्रतिबिम्बित गरेको छ। आयोजक समितिले सार्वजनिक गरेको पदक तथा पदक राख्ने बाकसको डिजाइनले यो सन्देश प्रतिबिम्वित गर्ने जनाइएको छ।

पदकको डिजाइन प्रतियोगिताको आधिकारिक नारा ‘इम्याजिन वान एसिया’बाट प्रेरित छ। आयोजकका अनुसार सुरुमा एउटै रहेको मानव समुदाय भाषा, संस्कृति र सभ्यताको विकाससँगै विभिन्न स्वरूपमा फैलिएको छ। खेलकुदका माध्यमबाट ती विविधता फेरि एउटै भावनामा जोडिने प्रक्रियालाई पदकको आकार र सतहको बनावटमार्फत प्रस्तुत गरिएको छ।

पदकको डिजाइनमा खेलाडीले हासिल गर्ने सफलता मात्र होइन, त्यस पछाडिको लामो संघर्ष र मेहनतलाई पनि प्रतीकात्मक रूपमा समेटिएको छ। यसले पदकलाई केवल जितको चिन्ह नभई खेलाडीको निरन्तर अभ्यास, त्याग, अनुशासन र सपनाको उपलब्धिको मूर्त रूपका रूपमा प्रस्तुत गरेको जनाइएको छ।

पदकको व्यास ८० मिलिमिटर र मोटाइ ५ मिलिमिटर छ। स्वर्ण पदकको तौल करिब २६५ ग्राम छ भने यसमा शुद्ध चाँदीमा कम्तीमा एक ग्राम सुनको लेपन गरिएको छ। रजत पदक करिब २६४ ग्रामको शुद्ध चाँदीबाट तथा कांस्य पदक करिब २२२ ग्रामको तामामा ५ प्रतिशत जिंक मिसाइएको धातुबाट बनाइएको छ।




यस पदकको अर्को महत्वपूर्ण पक्ष यसको पर्यावरणमैत्री अवधारणा हो। आयोजकले सञ्चालन गरेको ‘रिसाइकल मेडल प्रोजेक्ट’ अन्तर्गत स्थानीय सरकारहरूले संकलन गरेका साना विद्युतीय उपकरणमा रहेका धातुको केही अंश पदक निर्माणमा प्रयोग गरिएको छ। यसले एसियाली खेलकुदलाई दिगोपन र पुनर्चक्रणको सन्देशसँग पनि जोडेको छ।

पदकको डिजाइन दाइसुके सिबाले तयार गरेका हुन्। डिजाइन छनोटका क्रममा डिजाइनसम्बन्धी अध्ययन तथा अनुभव भएका व्यक्तिहरूबाट प्रस्ताव माग गरी विशेषज्ञ समितिमार्फत छनोट गरिएको थियो। त्यसपछि निर्माणसम्बन्धी प्राविधिक पक्षलाई ध्यान दिँदै डिजाइनलाई अन्तिम रूप दिइएको हो। पदक राख्ने केसको डिजाइनमा पनि आयोजक क्षेत्रको इतिहास र संस्कृति समेटिएको छ। यसरी २०औं एसियाली खेलकुदको पदक खेलाडीका लागि जितको प्रतीक मात्र नभई एसियाको विविधता, एकता, वातावरणीय चेतना र आयोजक क्षेत्र आइची-नागोयाको पहिचान बोकेको स्मृतिका रूपमा रहनेछ।

२०औं एसियाली खेलकुद आइची-नागोया २०२६ सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म आयोजना हुँदैछ। प्रतियोगितामा एसियाका विभिन्न देश तथा क्षेत्रका खेलाडीले पदकका लागि प्रतिस्पर्धा गर्नेछन्। खेलाडीले जित्ने प्रत्येक पदकसँगै उनीहरूको व्यक्तिगत संघर्ष र उपलब्धिसँगै एसियाली खेलकुदको साझा भावना पनि जोडिने आयोजकको विश्वास छ।

## नवौं बीआईबी बास्केटबल सुरु

**अन्नपूर्ण** | *काठमाडौं*

बौद्ध इन्टरनेसनल स्कुलको आयोजनामा नवौं बीआईबी बास्केटबल प्रतियोगिता आइतबारबाट सुरु भएको छ। प्रतियोगिताको नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठले उद्घाटन गरेका थिए। उद्घाटन कार्यक्रममा नेपाल बास्केटबल संघका अध्यक्ष भीमसिंह गुरुङको पनि उपस्थिति रहेको थियो।

प्रतियोगिताको पहिलो दिन चार खेल सम्पन्न भएका छन्। छात्रतर्फ एम्बास्डरले बौद्ध इन्टरनेसनल स्कुललाई ४०-३० र मातृभूमिले निस्टलाई ७१-४१ अंकले पराजित गरेका छन्। यस्तै छात्रातर्फको पहिलो खेलमा चादबागले लड्‌र्स लाइट एकडेमीलाई ३३-३१ र चेल्सीले मातृभूमिलाई २३-१४ ले हराएका थिए।



आयोजकले यस वर्षदेखि प्रतियोगिताको दायरा फराकिलो गरी विद्यालयका साथै प्लस टु र कलेजका टिमहरूलाई पनि सहभागी गराएको जनाएको छ। विद्यालयतर्फ ३२ तथा प्लस टु र कलेजतर्फ १५ टिमले भाग लिएका छन्।




नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**